# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २८५ | काठमाडौं | मंगलबार, २ फागुन २०७९ | Prabhab National Daily | Tuesday, February 14, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## हिंसात्मक बन्यो यातायात मजदुरको प्रदर्शन

- दुई वटा प्रहरी भ्यान र एक अस्थायी प्रहरी बिटमा आगजनी
- नयाँ बसपार्कस्थित ल्होत्से मलमा तोडफोड
- २० प्रहरी र केही आन्दोलनकारी घाइते

■ प्रभाव संवाददाता

**काठमाडौं–** सोमबार राजधानीको बालाजु क्षेत्र रणभूमिमा परिणत भयो । यातायात मजदुरहरूको प्रदर्शनका कारण बालाजु-नयाँ बसपार्क क्षेत्र तनावग्रस्त बनेको हो । आन्दोलनकारीसँगको झडपमा परी २० जना प्रहरी घाइते भएका छन् । मजदुरतर्फ पनि केही घाइते भएको बताइएको छ ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रवक्ता हिमालयकुमार श्रेष्ठले दिएको जानकारीअनुसार सयौंको संख्यामा आएका यातायात मजदुरहरूसँगै यातायात व्यवसायीहरूले प्रहरीमाथि ढुंगामुढा गर्नुका साथै दुईवटा प्रहरी भ्यान र एउटा अस्थायी प्रहरी बिटमा आगजनी गरे । साँझ आन्दोलनकारीले नयाँ बसपार्कस्थित ल्होत्से मलमा प्रवेश गरेर तोडफोड गरे । त्यसबाट मलमा करोडौंको क्षति भएको बताइएको छ ।

घटनामा संलग्न भएको आरोपमा प्रहरीले केही प्रदर्शनकारी यातायात मजदुरहरूलाई पक्राउ गरेको जनाएको छ । पक्राउ परेकाको यकिन विवरण भने प्राप्त हुन सकेन ।

(बाँकी पृष्ठ ५ मा)

## आन्दोलनरत पक्षसँग आज वार्ता

**काठमाडौं (प्रस)–** आन्दोलनमा उत्रिएका यातायात मजदुर र व्यवसायीलाई सरकारले वार्तामा बोलाएको छ । उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले आज मंगलबार बिहान ८:३० बजे वार्ताका लागि मन्त्रालयमा बोलाएका हुन् ।

उनले सोमबार बालाजु बाइपास क्षेत्रमा भएको मजदुर आन्दोलनप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् । सरकार मजदुर अधिकार र यातायात व्यवसायीको हितका पक्षमा रहेको तथा मजदुर र व्यवसायी संगठनहरूले दिएको सुझावसमेतको आधारमा यातायात क्षेत्रको समस्या समाधान गर्न मन्त्रालयले कार्यदल नै बनाइसकेको उनको भनाइ छ ।

उनका अनुसार यातायात व्यवस्था विभागका महानिर्देशक तुल्सी गौतमको संयोजकत्वमा यातायात व्यावसायी र यातायात मजदुर सम्मिलित कार्यदल आइतबार नै गठन भएको छ । कार्यदलले आफ्नो काम अगाडि बढाइसकेको छ ।

'सोमबारको आन्दोलनको सन्दर्भ र त्यसको समाधानबारे वार्ता र छलफल गरी उचित निष्कर्ष निकाल्न उपप्रधानमन्त्री श्रेष्ठले यातायात मजदुर र व्यवसायी प्रतिनिधिहरूलाई मंगलबार बिहान ८:३० बजे मन्त्रालयमा बोलाउनुभएको छ,' उपप्रधानमन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ ।

# गज्याङमज्याङ गठबन्धन



- रास्वपा सरकारमा नजाने, समर्थन कायमै
- समर्थन फिर्ता लिने नागरिक उन्मुक्तिको चेतावनी
- जनमत सत्तापक्ष भए पनि प्रतिपक्षजस्तै
- राप्रपाका मन्त्रीहरूको अभिव्यक्ति संविधानविपरीत
- राष्ट्रपतिमा राष्ट्रिय सहमतिको अडानपछि दाहालसँग ओली असन्तुष्ट
- फागुन १० मा गठबन्धन भत्किने कांग्रेस महामन्त्री गगनकुमार थापाको दाबी

■ जेबी योञ्जन

**काठमाडौं–** रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारमा नजाने भएको छ । समर्थन भने कायमै राखेको छ । पुरानो सहमति कार्यान्वयन भए वा नयाँ सहमति बनेको अवस्थामा भने सरकारमा जाने पक्षमा यो दल छ । सत्ता गठबन्धनको महत्त्वपूर्ण घटक रास्वपाको यस्तो निर्णयले गठबन्धनमा झन् समस्या पैदा हुने अड्कलबाजी हुन थालेको छ ।

गठबन्धनकै अर्को घटक नागरिक उन्मुक्ति पार्टीले समर्थन फिर्ता लिने धम्की दिँदै आएको छ । यद्यपि, समर्थन फिर्ता भने लिइसकेको छैन । यसअघि पटक-पटक प्रधानमन्त्री पुष्पकमल दाहाललाई उन्मुक्तिकी अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीले समर्थन फिर्ता लिने चेतावनी दिएकी थिइन् । आफ्ना दलका संरक्षक रेशमलाल चौधरी र सांसद अरुण चौधरीसहितलाई रिहा गर्नुपर्ने माग उक्त पार्टीको माग छ ।

अर्को दल जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउत प्रतिपक्षी सांसद जसरी संसद्मा प्रस्तुत भइरहेका छन् । 'हामी (सांसद)ले संसद्मा बोल्ने तर सरकारले बोलेको विषयमा केही नगर्ने हो भने हामी बोल्नुको अर्थ के ?,' संसद् बैठकमै राउतले भनेका थिए ।

गठबन्धनमै रहेको दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का मन्त्रीहरू त झन् संविधानमा संस्थागत भएका राजनीतिक उपलब्धिहरूकै विरुद्धमा अभिव्यक्ति दिँदै छन् । गठबन्धनको प्रमुख दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पनि प्रधानमन्त्री पुष्पकमल दाहालसँग सन्तुष्ट (बाँकी पृष्ठ ५ मा)



पुस १० गते बनेको अहिलेको गठबन्धन फागुन १० गते भत्किएर चुनावअघिको गठबन्धन ब्युँतिन्छ । राष्ट्रपति चुनावमा पनि कांग्रेसले प्रस्ताव गरेको उम्मेदवारले जित्छ ।

■ **गगनकुमार थापा**
महामन्त्री, कांग्रेस



१० पुसमा भएको सहमतिअनुसार एमालेबाट राष्ट्रपति हुनेबित्तिकै गठबन्धन कायम हुन्छ । यदि, माओवादीले राष्ट्रपतिमा दायाँबायाँ सोच्यो भने त गठबन्धन नरहन सक्छ ।

■ **मोहन श्रेष्ठ**
प्रवक्ता, राप्रपा

**सन्दर्भ : वैदेशिक रोजगार**

### रोजगारीको प्रलोभनमा ठगिँदै नेपाली

## म्यानमार लगेर अवैध काममा लगाउने गरेको खुलासा

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि नेपालीहरूलाई विभिन्न माध्यमबाट म्यानमार पुऱ्याइ अवैध कार्यमा लगाउने गरेको रहस्य खुलेको छ । याङ्गुनस्थित नेपाली दूतावासले दुबईमा काम गर्दै आएका तथा नेपालमा रहेका नेपालीहरूलाई सूचना प्रविधिका क्षेत्रमा आकर्षक तलब र सुविधा दिने प्रलोभन देखाएर म्यानमार पुऱ्याइ जबरजस्ती अवैध कार्यमा लगाउने गरेको खुलासा गरेको हो ।




दूतावासले एक यात्रासम्बन्धी सूचना (ट्राभल एडभाइजरी) जारी गर्दै नेपालीहरूलाई विभिन्न माध्यमबाट म्यानमारको कायिन प्रान्तको म्यावडीमा लगी शंकास्पद आइटी कम्पनीहरूले डिजिटल सेल्स एण्ड मार्केटिङ एक्जुकेटिभ्सको रूपमा बन्दी बनाएर जबरजस्ती काममा लगाउने गरेको भन्दै ध्यानाकर्षण भएको जनाएको छ । अनलाइन जुवा, फ्रड कल सेन्टर, क्रिप्टोकरेन्सी ठगी आदिमा संलग्न शंकास्पद आइटी कम्पनीहरूले बैंककमा रोजगारीको अवसर देखाइ गैरकानुनीरूपमा नेपालीहरूलाई बैंकक हुँदै म्यानमार तथा कतिपयलाई सोझै म्यानमार लगेर बन्दी बनाएर काममा लगाउने गरेको दूतावासले उल्लेख गरेको छ ।

उल्लिखित क्षेत्रमा रोजगारीका लागि म्यानमार र थाइल्यान्डमा पाइने यस्ता खालको विज्ञापनहरू प्रायः सामाजिक सञ्जाल र विभिन्न स्थानमा रहेको एजेण्टहरूले फैलाउने गरेको दूतावासले जनाएको छ । तसर्थ म्यानमार वा थाइल्यान्डमा सूचना प्रविधिको क्षेत्रमा रोजगारीको प्रलोभन देखाइ सामाजिक सञ्जाल वा अन्य स्रोतहरूमार्फत गरिएको त्यस्ता नक्कली विज्ञापनमा विश्वस्त नहुन दूतावासले आग्रहसमेत गरेको छ । वैदेशिक रोजगारीमा लगाइदिने वा अन्य प्रलोभन देखाइ ठूलो रकम लिएर विदेश पुऱ्याइ अलपत्र पार्नु प्रचलित कानुनअनुरूप निषेध गरिएका कार्यमा संलग्न हुनेलाई कारबाही गर्ने चेतावनी दिँदै गैरकानुनी कार्यहरू नगर्न/नगराउनसमेत सचेत गराएको छ ।

दूतावासले नेपालीहरूलाई रोजगारीका लागि पर्यटक भिसामा यात्रा नगर्न र रोजगारीको प्रस्ताव स्वीकार गर्नुअघि विदेशस्थित नेपाली नियोगहरूमार्फत विदेशी रोजगारदाताहरूको आवश्यक जाँच गर्न दूतावासले आग्रह गरेको छ । हाल विभिन्न परिबन्धमा पारेर राहदानी खोसिदिने, १२ देखि १३ घण्टासम्म काममा लगाउने, तलब नदिने गरेको भन्दै उद्धारका लागि नेपालीहरूले दूतावासमा सम्पर्क गरिरहेको जनाइएको छ ।

## पटक-पटक विज्ञापन गर्नुपर्ने बाध्यता हट्यो

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार व्यवसायीले श्रम गन्तव्य मुलुकको मागअनुसार कामदार छनोट गर्दा पटक-पटक विज्ञापन गर्नुपर्ने बाध्यता हटेको छ । वैदेशिक रोजगार विभागले कामदार छनोटका लागि राष्ट्रिय दैनिक पत्रिकामा पटक-पटक विज्ञापन गर्नुपर्ने व्यवस्था हटाएको हो ।

विभागले वैदेशिक रोजगार व्यवसायी संघलाई पत्राचार गर्दै वैदेशिक रोजगारीका लागि कामदार छनोट गर्दा पटक-पटक विज्ञापन गर्नुपर्ने व्यवस्था हटाइएकोबारे जानकारी दिएको छ । विभागले गत शुक्रबार उक्त निर्णय गरेको जनाएको छ । विभागले संघलाई प्रेषित गरेको पत्रमा वैदेशिक रोजगार ऐनको दफा १६ को उपदफा (१) अनुसार कामदार छनोटका लागि नेपाली भाषाको राष्ट्रिय दैनिक पत्रिकामा सात दिनको समय दिएर सूचना प्रकाशित गरेपछि हालको व्यवस्था अनुसार तीन महिनापछि राष्ट्रिय दैनिक पत्रिकाको सट्टामा विभागको स्वीकृति लिई म्यानपावर कम्पनीको आफ्नै वेबसाइटमा प्रकाशित गरेर विभागलाई प्रतिवेदन बुझाउनुपर्ने उल्लेख गरिएको छ ।

संघका महासचिव एवं प्रवक्ता मेघनाथ भुर्तेलले विभागको निर्णय स्वागतयोग्य रहेको बताए । उनले व्यवसायीहरूको अथक प्रयासबाट श्रम मन्त्रालय र वैदेशिक रोजगार विभागको समन्वयमा झण्झटिलो तथा आर्थिक भारयुक्त प्रक्रिया हटाउन सफल भएको बताए । व्यवसायीहरूले मलेसिया तथा खाडी मुलुकमा 'फ्रि भिसा, फ्रि टिकट'मा कामदार पठाउनुपर्ने बाध्यतामा रहेका कारण पटक-पटक विज्ञापन प्रकाशित गर्दा आर्थिक भार बढ्नुका साथै अव्यावहारिक रहेको भन्दै पुनरवलोकन गर्न माग गर्दै आएका थिए ।






**झिलिमिली पशुपतिनाथ** | महाशिवरात्रिका लागि बिजुली बत्तीले झिलिमिली पारिएको पशुपतिनाथ मन्दिर । *तस्विरः विमलबहादुर विष्ट/रासस*

# भारतीय विदेशसचिव क्वात्रा भेटघाटमा व्यस्त



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दुईदिने नेपाल भ्रमणमा आइतबार काठमाडौं आएका भारतीय विदेशसचिव क्वात्राले भेटघाटमा व्यस्त भएका छन् । आइतबार उनले राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री पुष्पकमल दाहाल, परराष्ट्रमन्त्री डा. विमला राई पौड्याल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भेटवार्ता गरेका छन् ।

राष्ट्रपति भण्डारीसँग शीतलनिवासस्थित राष्ट्रपति कार्यालयमा भएको भेटमा द्विपक्षीय सहयोगका विविध विषयमा छलफल भएको थियो । सो अवसरमा दुई देशबीचको ऐतिहासिक सम्बन्धका साथै कनेक्टिभिटी, ऊर्जा व्यापारलगायत द्विपक्षीय सहयोगका विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

भेटमा राष्ट्रपति भण्डारीले नेपाल–भारतबीच प्राचीनकालदेखि नै सामाजिक र सांस्कृतिक सम्बन्ध रही आएको उल्लेख गर्दै द्विपक्षीय सम्बन्धका विविध विषयमा कुरा राखेको राष्ट्रपतिका प्रमुख स्वकीय सचिव भेषराज अधिकारीले जानकारी दिए । सो अवसरमा राष्ट्रपति भण्डारीले 'छिमेकी पहिलो' भन्ने नीतिअनुसार नै भारत अघि बढेको विश्वास व्यक्त गर्दै आफ्ना भारतीय समकक्षी र भारतीय उच्च नेतृत्वप्रति शुभकामना र शुभेच्छा प्रकट गरेकी थिइन् ।

यसैगरी आइतबार साँझ प्रधानमन्त्री दाहालसँग विदेशसचिव क्वात्राले शिष्टाचार भेटवार्ता गरेका छन् । उनले प्रधानमन्त्रीनिवास बालुवाटार पुगेर प्रधानमन्त्री दाहालसँग भेटवार्ता गरेका हुन् । भेटवार्तामा ऊर्जा, व्यापार, कनेक्टिभिटी, कृषि, शिक्षा, संस्कृतिका क्षेत्रमा नेपाल–भारत सहकार्यका विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । यसअघि उनले आइतबार नै परराष्ट्रमन्त्री डा. पौड्यालसँग शिष्टाचार भेटवार्ता गरेका थिए भने सचिवस्तरीय बैठकमा सहभागी भएका थिए । भेटमा द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउँदै विकास सहायता अभिवृद्धि गर्नेलगायतका विषयमा छलफल भएको मन्त्री डा. पौड्यालले जानकारी दिइन् । उनले गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका लागि नयाँ अन्तर्राष्ट्रिय हवाई रुटका सम्बन्धमासमेत छलफल भएको बताइन् ।

मुख्यगरी नेपालमा विकास सहायता वृद्धि गर्ने, लगानीको वातावरण बनाउने, कनेक्टिभिटी, द्विपक्षीय व्यापारमा देखिने समस्या हल गर्ने, विद्युत् व्यापारलगायतका विषयमा छलफल भएको थियो । भेटमा मन्त्री पौड्यालले जलवायु परिवर्तनका मुद्दामा अन्तर्राष्ट्रिय मञ्चमा दक्षिण एसियाका मुलुकको एउटै आवाजका लागि संयन्त्र बनाउने सम्बन्धमासमेत कुरा राखेकी थिइन् ।

सचिवद्वय पौड्याल र क्वात्राले नेपाल र भारतबीचको बहुआयामिक सहकार्यका विविध पक्षबारे छलफल गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ । सो अवसरमा उनीहरूबीच कनेक्टिभिटी, ऊर्जा व्यापार, कृषि, स्वास्थ्य, संस्कृतिलगायत द्विपक्षीय सहयोगका विविध विषयमा छलफल भएको थियो ।

विदेशसचिव क्वात्रा परराष्ट्र सचिव भरतराज पौड्यालको निमन्त्रणामा नेपालको दुई दिने औपचारिक भ्रमणका लागि यहाँ आएका हुन् । विदेशसचिवको कार्यभार सम्हालेपछिको यो उनको पहिलो नेपाल भ्रमण हो । दुई देशबीचको नियमित उच्चस्तरीय भेटवार्ताको परम्परा र भारतको 'छिमेकी पहिलो' नीतिअन्तर्गत भारतले नेपालसँगको सम्बन्धलाई दिएको प्राथमिकता अनुरूप यो भ्रमण भएको भारतीय विदेश मन्त्रालयले जनाएको छ ।

# बूढानीलकण्ठका १४६ बालबालिकामा जन्मजात मुटुरोग

**काठमाडौं–** सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रले बूढानीलकण्ठ नगरपालिकामा गरेको एक अध्ययनले जन्मजात मुटुरोगको बिरामी धेरै भएको देखाएको छ । बूढानीलकण्ठ नगरपालिकाका सरकारी र निजी अस्पतालका १३ हजार विद्यार्थीमा गरिएको अध्ययनले १४६ विद्यार्थीमा जन्मजात मुटुरोगसम्बन्धी समस्या देखिएको हो । अस्पतालका निर्देशक डा. चन्द्रमणि अधिकारीले पाँचदेखि १५ वर्ष उमेर समूहका १३ हजार विद्यार्थीको मुटु परीक्षण गर्दा नौ जनामा मात्र बाथ मुटुरोग देखिएको थियो ।

बाथ तथा मुटु ज्वरो छ, छैन भन्ने अध्ययन गर्ने स्क्रिनिङ परीक्षण सुरु गरिएको थियो । पुस महिनादेखि माघको अन्तिमसम्ममा गरिएको परीक्षणमा सरकारी विद्यालयका तीन हजार ८२० र निजी विद्यालयका नौ हजार १८० जना विद्यार्थी सहभागी रहेका थिए । उनका अनुसार जन्मजात मुटुसम्बन्धी समस्या देखिएको हो । 'अस्पतालमा परीक्षण (इको) गर्दा शंका लागेका विद्यार्थीलाई पुनःअस्पतालमा परीक्षण गरेका थियौं । बाथ तथा मुटुरोगका समस्या भएका नौ बिरामी देखिए । १४६ लाई विभिन्न किसिमको जन्मजात मुटुको रोग देखियो ।'

अध्ययनले आर्थिकरूपमा सबल स्थानमा बाथ मुटुरोग कम हुन सक्ने देखाएको उनको भनाइ छ । 'लक्षण नभए पनि जन्मजात मुटुको रोगको समस्या हुनसक्ने यो अध्ययनले देखाएको छ । अर्कोतर्फ काठमाडौं उपत्यका नजिकका ठाउँमा स्वास्थ्य सेवाको पहुँच र सबल आर्थिक पक्षका कारण पनि बाथ मुटुरोग कम देखिएको भन्न सकिन्छ,' उनले भने ।

केन्द्रले मुगु जिल्ला र धुनीबेसी नगरपालिकामासमेत मुटुरोगको अध्ययन गर्ने तयारी रहेको निर्देशक अधिकारीले जानकारी दिए । उनले भने, 'देशका विकट स्थानमा मुटुसम्बन्धी समस्या कस्तो छ भन्ने जान्नका लागि मुगुमा अध्ययन गर्ने तयारी छ ।'

जन्मजात मुटु सचेतना सप्ताह चलिरहँदा अस्पतालले उक्त अध्ययन सार्वजनिक गरेको हो । जन्मजात मुटुरोग सचेतना फेब्रुअरी ७ देखि १४ तारिखसम्म विभिन्न जनचेतनामूलक सप्ताहका रूपमा मनाइन्छ । बाल मुटुरोग विशेषज्ञ डा. उर्मिला शाक्यका अनुसार १०० जनामा एक जनालाई जन्मजात मुटुसम्बन्धी रोग हुने गर्छ । ती मध्ये एक तिहाइलाई जटिल प्रकारको समस्या हुने र उपचार नपाए मृत्युको जोखिम हुने गर्छ ।

उनले भनिन्, 'सबैभन्दा बढी बच्चाको मृत्युको कारण जन्मजात मुटुसम्बन्धी रोग हो । गर्भ अवस्थाबाटै शिशुको मुटुभित्र र बाहिरका बनावटमा कुनै पनि प्रकारको विकृतिलाई जन्मजात मुटुरोग भनिन्छ,' उनले थपिन्, 'जन्मजात मुटुसम्बन्धी रोगका ९० प्रतिशत कारण पुष्टि हुँदैन । १० प्रतिशत कारणमध्ये सबैभन्दा धेरै वंशाणुगत र वातावरणीय प्रतिक्रिया हुन सक्छ ।'

मुटुरोग विशेषज्ञ डा. पुनम शर्माले भनिन्, '१२ देखि २४ हप्ताको गर्भमा शिशुको मुटुसम्बन्धी समस्या परीक्षण गर्न सकिन्छ । त्यस्ता समस्या सामान्यदेखि जटिलसम्म हुनसक्छ । समयमा पहिचान हुनसके जटिल मुटुरोगको उपचार सम्भव छ ।'

डा. शर्माका अनुसार जन्मजात मुटुरोग हुने बालबालिकामा ओठ र जिब्रो नीलो हुने, तौल नबढ्ने, छिटो थाक्ने, आमाको दूध राम्ररी खान नसक्ने र निमोनिया भइरहने जस्ता लक्षण देखिन सक्छ । गर्भवती महिलाले मद्यपान, धुम्रपान सेवन गर्ने र विकिरणको सम्पर्कमा आउँदा शिशुमा मुटुसम्बन्धी समस्या देखिन सक्छ । चिकित्सकको सल्लाहविना औषधिको सेवन, पोलेट भिटामिनको अभाव, नजिकको नातामा हुने विवाह, डाउन सिन्ड्रोम, रुबेला भाइरस र वंशाणुगत कारणले बालबालिकामा जन्मजात मुटुरोगसम्बन्धी विभिन्न समस्या देखिन सक्छ । *रासस*

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०६८/०९/२१ मा दर्ता भएको दर्ता नं. ८९४०९।०६८।०७९ को स्कुल अफ बिजनेश म्यानेजमेन्ट कलेज प्रा.ली. को मिति २०७९/१०/२५ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ को दफा २९ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना

लिक्विडेटरः सुनिल रजौरे, इजाजतपत्र नं. ३८९, ठेगाना : अनामनगर, काठमाडौं
फोन नं. ९८५१३०१६५५

# 'सामुदायिक रेडियोलाई प्रोत्साहन गर्ने नीति लिन्छौं'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकारले सामुदायिक रेडियोलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने नीति लिने बताएका छन् ।

पछिल्लो समयमा मुलुकमा सामुदायिक रेडियो प्राथमिकतामा नपरेको भन्ने गुनासो भइरहेका बेला उनले कुनै सञ्चारमाध्यमले रेडियोलाई विस्थापित गर्न नसक्ने विचार प्रकट गरे । विश्व रेडियो दिवसका अवसरमा युनेस्को, अमार्क एसिया प्यासेफिक र इन्डिजिनियस मिडिया नेटवर्कको सहकार्यमा आयोजित कार्यक्रममा अर्थमन्त्री पौडेलले भने, 'सञ्चारमाध्यमका प्रकार थपिँदै गए पनि रेडियोको उपयोगिता न सकिएको छ, न सकिनेछ ।'

संविधानसँग बाझिने गरी कानुन बनाउन नमिल्ने भन्दै सामुदायिक रेडियोका सन्दर्भमा संघीय अधिकारसँग बाझिने गरी कुनै अभ्यास गर्न नमिल्ने उनको भनाइ छ । 'रेडियो र शान्ति' नारासहित १२औं विश्व दिवसको अवसरमा आयोजित कार्यक्रममा राष्ट्रियसभा उपाध्यक्ष उर्मिला अर्यालले सामुदायिक मुद्दालाई समेट्ने सञ्चारमाध्यमका रूपमा समुदायिक रेडियोको प्रभावकारिता रहेको बताइन् ।

कार्यक्रममा सामुदायिक रेडियो प्रसारक संघका अध्यक्ष अर्जुन गिरीले सामुदायिक रेडियो राजनीतिक र सामाजिकरूपले पछि परेको रेडियोकर्मीको गुनासो रहेको बताउँदै रेडियो विपद्को सुखदुःखको साथी रहेकाले राज्यको अभिभावकत्वको भूमिका आवश्यक पर्ने बताए ।

कार्यक्रममा सूचना तथा प्रसारण विभागका महानिर्देशक शंकर नेपालले मानव विकास सूचकांक बढाउन सामुदायिक रेडियोको योगदान धेरै रहेको बताए । उनले रेडियोको लाइसेन्स संघबाट जारी गर्ने र हुलाकबाट नवीकरण गर्ने व्यवस्थाका कारण सेवा लिनेलाई झन्झट भएको बताए । उनले समस्या समाधानका लागि छलफल गरी अघि बढ्न आफूहरू तयार रहेको धारणा व्यक्त गरे ।



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

फागुन २ गते, मंगलबार

| | |
|---|---|
| **मेष** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **वृष** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **मिथुन** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **कर्कट** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **सिंह** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **कन्या** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **तुला** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **वृश्चिक** | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा |
| **धनु** | असर पर्नसक्छ |
| **मकर** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **कुम्भ** | परोपकारमा रुचि बढ्नेछ । |
| **मीन** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्ड्स् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

फागुन २ गते, २०७९, १४ फेब्रुअरी, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०६ | १३२.६६ |
| युरो | १ को | १४०.७८ | १४१.४२ |
| पाउन्ड स्टर्लिङ | १ को | १५८.९१ | १५९.६३ |
| स्विस फ्रैन्क | १ को | १४३.११ | १४३.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६६ | ९०.०७ |
| क्यानाडियन डलर | १ को | ९७.४३ | ९७.८७ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९२ |
| जापानी येन | १० को | १०.०० | १०.०५ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३५.११ | ३५.२७ |
| कतारी रियाल | १ को | ३६.१६ | ३६.३२ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिंगेट | १ को | २९.९८ | ३०.१२ |
| दक्षिण कोरियन वन | १०० को | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को | १२.६५ | १२.७१ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०२ |
| हङकङ डलर | १ को | १६.९३ | १७.०१ |
| कुवेती दिनार | १ को | ४३१.५० | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.२५ | ३५१.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# उच्च जोखिम र अतिक्रमणको चपेटामा चाँगुनारायण

■ रमेश गिरी

**भक्तपुर-** लिच्छवी राजा हरिदत्त वर्माको समयमा करिब दुई हजार ३०० वर्षअघि निर्माण भएको इतिहास रहेको प्रसिद्ध चाँगुनारायण मन्दिर उच्च जोखिममा परेको छ। संयुक्त राष्ट्र संघअन्तर्गतको युनेस्कोले सन् १९६९ मा विश्वसम्पदा सूचीमा समावेश गरेको चाँगुनारायण मन्दिर वर्षामा जाने पहिरो र हिउँदमा बर्सेनि बालुवा उत्खनन र निकासीका कारण उच्च जोखिममा परेको छ।

लिच्छवी राजा मानदेवले ५२१ सालमा मन्दिर जीर्णोद्धार गरेसँगै मन्दिर अगाडि संस्कृत भाषामा लिच्छवी अक्षरले लेखिएको गरुडको प्रस्तर मूर्तिलगायत शिलापत्र राख्न लगाएको इतिहास रहेको छ। चाँगुनारायण मन्दिर ३२३ वर्षअघि राजा भूपालेन्द्र मल्लले जीर्णोद्धार गराउँदा मन्दिरको मुख्य ढोका अगाडि राखिएको रानी भुवनलक्ष्मी मल्लको ढलोटको मूर्ति अहिले पनि देख्न सकिन्छ।

मन्दिरको पूर्व र पश्चिम दिशा वर्षौंदेखि गएको पहिरो नियन्त्रणमा आउन नसक्दा मन्दिर उच्च जोखिममा परेको हो। मन्दिरको पश्चिमपट्टि रहेको चाँगुनारायणको नौमध्ये महत्त्वपूर्ण चन्द्र सूर्यको मठसम्म पहिरो आइपुगेको मन्दिरका पुजारी चक्रधरानन्द राजोपाध्याय बताउँछन्। अनिवार्य पूजा गर्नुपर्ने उक्त मठ नजिकै पहिरो आएको बताउँदै उनले मन्दिर उच्च जोखिममा पर्दा पनि यसलाई जोगाउन सम्बन्धित निकायले चासो नदिएको गुनासो गरे।

लामो समयदेखि मनोहरा खोलामा भइरहेको बालुवा चोरी निकासी रोक्न नसकिएको, मन्दिर रहेको ठूलो थुम्काको तल आडका रूपमा रहेका स-साना ढिस्का, पहाडलाई खोस्रेर बालुवा खानी सञ्चालन गर्ने र जग्गा चक्लाबन्दी गरेर बिक्री गर्ने क्रम बढेपछि मन्दिर थप जोखिममा परेको स्थानीयवासीको भनाइ छ। यस क्षेत्रमा २० वर्षदेखि पहिरो जान थालेको बताउँदै स्थानीयवासीले पहिरो रोकथाम गर्न र जथाभावी बालुवा झिक्न रोक्न नसकिएका कारण मन्दिर थप जोखिममा परेको बताएका छन्।

पुरातत्त्व विभाग तथा दरबार हेरचाह कार्यालय भक्तपुरकी प्रमुख अरुणा नकर्मी चाँगुनारायण मन्दिर अतिक्रमणमा परेको गुनासो गर्छिन्। उनी मनोहरा खोलामा हुने बालुवा उत्खनन तथा निकासी, आसपासका साना ढिस्का भत्काउनु र अहिले पनि मन्दिरलाई समेत दीर्घकालीनरूपमा क्षति हुनेगरी आसपासका क्षेत्रमा डोजर लगाउनुले मन्दिर जोखिममा परेको बताउँछिन्।



मन्दिर क्षेत्र र आसपासका मन्दिरको सम्पत्ति अतिक्रमणको चपेटाका पर्दा यहाँको मौलिक धरोहर नै संकटमा परेको उनको भनाइ छ। सार्वजनिक र मन्दिरको सम्पत्ति व्यक्तिका नाममा दर्ता हुने र अतिक्रमण गरेर व्यवसाय सञ्चालन गर्ने क्रम बढेकाले मन्दिरको अस्तित्त्व संकटमा परेको उनको भनाइ छ।

वि.सं. २०७२ को महाभूकम्प र त्यसपछिको परकम्पले मन्दिरलाई क्षति पुर्‍याएपछि पुरातत्त्व विभागले मूल मन्दिरको जीर्णोद्धार सकाएर मन्दिरको चौघेरा सत्तल पुनर्निर्माण गर्न सुरु गरेको छ। यसअघि पनि पहिरो नियन्त्रणका लागि काठ र बाँसका टेका दिएर जस्ताले बारिएको थियो तर मन्दिरको ठीक तल उत्तर पूर्वतर्फ मनोहरा खोला र आसपासका ढिस्को फोडेर बालुवा निकासी गर्ने क्रम नरोकिँदा मन्दिर थप जोखिममा परेको हो। उत्तरतर्फ गंगा महारानीको सत्तलको पछाडिको भाग पहिरो गएकाले चाँगु मन्दिर र सत्तलका साथै बस्तीमा पनि असर पुर्‍याउने खतरा बढ्दो छ। पश्चिमको १०८ सिँढी तलको शंख, चक्र छेउको पहिरोले शंख, चक्र जोखिममा परेको छ। मन्दिर आसपासका क्षेत्रमा माटो, बालुवा उत्खनन गर्दा जमिन भासिने, धाँजा फाट्ने क्रम बढेको विभिन्न अध्ययनले देखाएको छ। मन्दिर क्षेत्र वरिपरि प्रत्येक वर्ष सानातिना पहिरो झर्ने क्रम जारी रहेको छ।

मनोहरा खोलाको बालुवा निकाल्न र क्रिकेट मैदान निर्माणमा ठूला उपकरणबाट बालुवा उत्खनन गर्दा मन्दिरको जमिन भासिँदै गएको युनेस्कोको अध्ययनले देखाएको छ। इटालीका भूगर्भविद्ले २०७२ वैशाख १२ गतेको भूकम्पपछि चाँगुनारायण क्षेत्रको अध्ययन गरी पुरातत्त्व विभागलाई प्रतिवेदन बुझाएका थिए। अध्ययनमा १६ ठाउँमा पहिरो गएको र यसले मन्दिरलाई अरु जोखिम बढाएको उल्लेख गरेको छ। अध्ययनले यहाँको कमजोर भू-सतहका कारण मन्दिर उच्च जोखिममा परेको देखाएको छ।

अध्ययन प्रतिवेदनमा कमजोर, बलौटे र सजिलै बग्ने माटो भएको जनाएको छ। यस प्रतिवेदनले भिरालो संरचना भू-क्षय र पहिरोबाट जोगाउन तत्काल माटो, बालुवाजन्य वस्तु उत्खनन रोक्नुपर्ने, बायो-इञ्जिनियरिङ प्रविधि अपनाउनुपर्ने र ठाउँठाउँमा रिटेनिङ, ग्याबिन पर्खाल लगाउनुपर्ने सुझावसमेत दिएको थियो। ती कुनै सुझाव कार्यान्वयनमा आएका छैनन्। भूकम्पपछि सरकारले पठाएको प्रतिवेदन र भूविज्ञहरूको सूचनाका आधारमा युनेस्कोको 'वर्ल्ड हेरिटेज सेक्सन'ले गरेको अनुगमनमा मन्दिरका संरचना भत्किएको र जमिन भासिएको उल्लेख गरेको छ।

मन्दिरको उत्तर-पश्चिम क्षेत्रमा विगत १० वर्षयता लगातार पहिरो गइरहेको छ। यसअघि पनि पश्चिमपट्टि रहेको चाँगुनारायणको नौमध्ये महत्त्वपूर्ण चन्द्र सूर्यको मठसम्म पहिरोले छोएको थियो। पुरातत्त्वले सत्तल पुनर्निर्माणका लागि पर्खाल लगाए पनि डाँडामुनिको निरन्तर बालुवा उत्खननका कारण जुनसुकै बेला पहिरो झर्ने पूर्ववडाध्यक्ष बुद्धिलाल श्रेष्ठका बताउँछन्।

दशकौंदेखि पहिरोको जोखिम मानिँदै आएको चाँगु क्षेत्रका सम्पदासमेत नासिँदै गएका छन्। यस क्षेत्रको मुख्य धरोहर मानिएको नौ दह लगभग करिब लोप हुने अवस्थामा पुगेका दरबार हेरचाह कार्यालयकी प्रमुख नकर्मी बताउँछिन्। यहाँको शंख दह, धनचा दह, सिन्हः पुखु, ग्वाल्दह, बाँदह, तेपोवुंग्वा दह, अजिमा दह, फादह, काली दहमध्ये अधिकांश अहिले अवशेषका रूपमा मात्र रहेका छन्।

मुख्य मन्दिरसँग जोडिएर आउने शंख दहमा गएको पहिरोसँगै भासिएको थियो। चाँगुनारायण नगरपालिकाले मन्दिर क्षेत्रको शंख दह संरक्षणका लागि यसअघि बजेट विनियोजन गरे पनि दहले मौलिक स्वरूप नपाएर कृत्रिम अवस्थामा राख्नु परेको पूर्ववडाध्यक्ष श्रेष्ठ बताउँछन्। दुई वर्ष अगाडि नै पुनर्निर्माणका लागि शंख दहमा खाल्डो खन्ने काम भए पनि अरु कार्य अगाडि बढेको छैन। यहाँका ऐतिहासिक दहका जमिन भासिने, धाँजा फाट्ने र सुक्दै जाने क्रम बढिरहेको छ।

यस मन्दिरमा पर्वअनुसार चल्ने नाच, भजन, जात्रा, बाजासमेत लोपोन्मुख अवस्थामा पुगेको चाँगुनारायण मन्दिरका मूल पुजारी चक्रधरानन्द राजोपाध्यायको भनाइ छ। विगतमा नगरपालिकाले यही मन्दिर देखाएर पर्यटन शुल्क असुले पनि सम्पदा संरक्षणमा चासो नदिएको उनको गुनासो छ। यहाँका ढिस्कोहरू भत्काएर जग्गा सम्याउने नाममा दैनिक डोजर लाग्दा र ढिस्को सम्याउँदा मन्दिर थप जोखिममा परेको उनी बताउँछन्।

सम्पदास्थललाई नै क्षति पुग्नेगरी कुनै अध्ययन अनुसन्धान नगरी डोजर लगाउँदा थप भू-क्षय हुने र यसको प्रतक्ष्य असर मन्दिरलाई पर्ने भन्दै उन चिन्ता व्यक्त गर्छन्। सम्बन्धित निकायमा यसबारेमा जानकारी गराए पनि नरोकिएको र नगरपालिकाले पनि यसतर्फ कुनै चासो नदिएको उनको भनाइ छ।

उनले यस्तो प्रसिद्ध मन्दिरसमेत अतिक्रमण र व्यक्तिको नाममा दर्ता गर्ने क्रम बढेको बताउनुभयो। मूल पुजारी राजोपाध्यायले भने, 'एकातिर मन्दिर नै संकटमा परेको छ। अर्कोतर्फ मन्दिरको सम्पदास्थल नै व्यक्तिको नाममा दर्ता भएका छन्। मन्दिरको पूर्वतर्फको मल्लकालीन मूर्ति भएको जमिन व्यक्तिले आफ्नो नाममा दर्ता भएर आएको छ। मन्दिरको पूर्व खानेपानी टचांकी मल्लकालीन दरबार, मूर्तिहरू भएको र चाँगुनारायण कूलदेवताको घरसमेत व्यक्तिको नाममा दर्ता भएर आएको छ। मन्दिरको जग्गामा घर र होटलहरू बनेका छन्, अतिक्रमणको निकै चपेटामा परेको छ।'

यसबारेमा पुरातत्त्व विभागदेखि गुठी संस्था कार्यालयसम्म स्थानीयले हस्ताक्षरित पत्र बुझाइसकेका छन्। चाँगुनारायणको कूलदेवताको घर र त्यहाँका मन्दिरका लागि गुठी संस्थानले पूजा चलाउने हरेक वर्ष पूजा खर्च र बाली दिँदै आएको गुठी संस्थानले व्यक्तिको नाममा दर्ता भएको उक्त जमिन चाँगुनायण मन्दिरको हो भनेर प्रमाण नभएको जवाफ दिएको गुनासो उनको छ। मन्दिर क्षेत्रभित्रै वर्षौंदेखि सञ्चालन गरिँदै आएको किराना पसल पनि खाली गराउन सकेको छैन।

नगरपालिकाका प्रमुख जीवन खत्री भने आउँदो आर्थिक वर्षमा चाँगुनारायण मन्दिर र त्यससँग जोडिएको ऐतिहासिक सम्पदाहरूको संरक्षणका लागि गुरुयोजना बनाएर संरक्षणमा लाग्ने बताउँछन्। उनी भन्छन्, 'नगरपालिकासँग थोरै बजेट हुन्छ, त्यसबाट यति ठूलो सम्पदाको संरक्षण सम्भव छैन, त्यसका लागि नगरपालिकासँगै प्रदेश र केन्द्रीय सरकारबाट बजेट व्यवस्थापनका लागि पहल गरिएको छ।'

मनोहरा खोलाको बालुवा उत्खनन रोक्नेतर्फ पनि ध्यान दिनुपर्ने हुन्छ। भक्तपुर र काठमाडौंको सिमाना रहेको यस खोलामा वर्षौंदेखिको बालुवा उत्खनन, चोरी पैठारीलाई रोक्नु आवश्यक रहेको उनको भनाइ छ। वर्षौंदेखि बालुवा दोहन, मन्दिरको आडका रूपमा रहेको यहाँका ससाना ढिस्का सबै मासेर सम्याएर जग्गा चक्लाबन्दी गर्दै यहाँ घर ठडिएकाले पनि मन्दिर जोखिममा परेको छ।

मन्दिरको संरक्षणसँगै यस क्षेत्रलाई विदेशी पर्यटकको आकर्षक केन्द्रका रूपमा विकास गर्ने योजना नगरपालिकाले अगाडि सारेको उनको भनाइ छ। विश्वसम्पदा सूचीभित्रको चाँगुनारायण मन्दिर, त्यहाँको मानव बस्ती र खानेपानीको मुहान जोखिममा परेको पूर्वसांसद प्रेम सुवाल बताउँछन्। स्थानीयवासीले २०७७ माघ १९ गते चाँगुनारायण मन्दिर रहेको सिंगो डाँडोलाई संरक्षण गर्न वरिपरि माटो र बालुवा उत्खनन कार्य बन्द गराउन जिल्ला प्रशासन कार्यालयमा भक्तपुरमा निवेदन दिएका थिए। तर पनि माटो बालुवा उत्खनन नरोकिएको उनको भनाइ छ। *रासस*

---

प्रधानमन्त्री दाहालको दाबी

# 'माओवादीका सबै धार छिट्टै एक हुन्छौं'

■ प्रभाव संवाददाता



काठमाडौं- प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले माओवादी आन्दोलनका विभिन्न पक्षलाई सामाजिक न्याय र रूपान्तरणका निम्ति एकताबद्ध भएर अगाडि बढ्न अपिल गरेका छन्।

२८औं जनयुद्ध दिवसका अवसरमा पार्टी मुख्यालय पेरिसडाँडामा सोमबार आयोजित कार्यक्रममा उनले मुलुकको समृद्धिका लागि माओवादीका विभिन्न धारबीच एकता आवश्यक रहेको बताएका हुन्। 'यो हामी सबैका निम्ति खुसी र गर्वको कुरा पनि हो, केही समयदेखि आन्दोलनलाई एकताबद्ध गर्ने प्रक्रिया अगाडि बढेको छ,' उनले भने, 'सबैले आ-आफ्नो ढंगले त्यो एकता प्रक्रियालाई निष्कर्षमा पुर्‍याउने प्रतिबद्धता पनि गरेका छन्।'

आफैंले पनि धेरै समूहको नेतृत्वसँग पनि पार्टी एकताका लागि विभिन्न छलफल चलाएको उल्लेख गर्दै उनले छिट्टै पार्टी एकताको प्रक्रिया अगाडि बढ्ने विश्वास व्यक्त गरे। 'त्यसले माओवादी नेता कार्यकर्तामा मात्र होइन आमनेपाली जनतालाई पनि फेरि एक पटक नयाँ ढंगले उत्साहित गर्नेछ, नयाँ ढंगले संगठित गर्ने काम हुनेछ,' प्रधानमन्त्री दाहालले भने।

उनले माओवादी आन्दोलनभित्रका मात्रै होइन, कम्युनिस्ट र समाजवादी आन्दोलनका शक्तिहरूसँग पनि समाजवादी मोर्चा बनाएर जाने सैद्धान्तिक सहमति बनेको बताए। 'भोलिको नेपालको नेतृत्व लिन विकल्पका रूपमा छिट्टै एउटा समाजवादी मोर्चा अगाडि आउनेछ,' उनले भने, 'यसका लागि तपाईंहरूले आ-आफ्नो ठाउँबाट पहल गर्नुपर्नेछ।'

प्रधानमन्त्री दाहालले जनयुद्ध माओवादीको मात्रै नभएर नेपाल राष्ट्रकै सम्पत्ति भएको दाबी गरे। 'जनयुद्ध माओवादीको मात्र नभएर राष्ट्र र आमनेपाली जनताकै सम्पत्ति बन्न पुग्यो। यसलाई ठीक ढंगले स्थापित गर्ने जिम्मेवारी भने तपाईं हाम्रै छ,' उनले भने, 'हामीले नै यसलाई आमजनताका बीचमा स्थापित गर्ने र यसै प्रक्रियाबाट सुशासन र विकासको नयाँ अभियानतर्फ लैजानुपर्ने आवश्यकता छ।'

ऐतिहासिक दिन भएकाले वैधानिक तवरले जनयुद्धलाई यसअघि नै स्थापित गरिनुपर्थ्यो भन्दै उनले ढिलै भए पनि सरकारले जनयुद्ध दिवस मनाउने र सार्वजनिक बिदा दिने निर्णय गरेको बताए। 'यो निर्णय सम्पूर्ण सहिद, बेपत्ता, घाइते र अपांगता भएका व्यक्तिप्रतिको सम्मान हो,' प्रधानमन्त्री दाहालले भने, 'यो परिवर्तनलाई अब सामाजिक, आर्थिक रूपान्तरणतर्फ अगाडि बढाउने संकल्प पनि हो।' यो दिवसलाई स्मरण गर्दै अहिले आफूहरू सामाजिक न्याय, सुशासन र समृद्धिको नयाँ यात्रामा अगाडि बढेको उनको भनाइ छ।


**काठ लिलाम बिक्री बारे २१ दिने सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/११/०२**

यस भुल्के सा ब उ स उदयपुरगढी गा पा वडा नं. १ ले आ.व ०७९/०८० उत्पादन गरेको लट नं. १ को साल जातको गोलिया थान ४३ को ४३१.४० समूह बाहिर बिक्री बितरण गर्नको लागि २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि सा ब उ स को कार्यलयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

**भूल्के सामुदायिक बन उपभोक्ता समूह उदयपुरगढी गा पा १ उदयपुर**



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **TIMBMART SDN.BHD**

पूर्व स्वीकृति मिति २०७९/०६/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/01 | LT. No. 273361 | चलानी नं. ६०१८९०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 30 | 0 | 1500 | ४५,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन ९ गते (21st Feb. 2023) मा हुनेछ।

कम्पनी : **JS SECURITY SERVICES SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/१०/२९ | LT. No. 280938 | चलानी नं. ६०१९६४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 42 | 0 | 1500 | ४५,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि-अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २,३,४ गते (14/15/16th Feb. 2023) मा हुनेछ भने फाईनल अन्तरवार्ता मितिः २०७९ फागुन ९ गते (21st Feb. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **SIN FONG GUAN TRADING SDN. BHD.**

पूर्व स्वीकृति मिति २०७९/०१/२६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०१ | LT. No. 262764 | चलानी नं. ६०१७९०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 30 | 0 | 1500 | ४५,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SCENIC AGRICULTURE SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/04/03 | पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०१ | LT. No. 266316 | चलानी नं. ६०१८३४८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 40 | 0 | 1500 | ४५,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन ९ गते (21st Feb. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कःनि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **ARABIAN MATE GENERAL CONTRACTING EST.**

पूर्व स्वीकृति मिति २०७९/१०/२४ | LT. No. :280734 | चलानी नं.६०१९६४४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Unique Occupation Worker (Labour) | 2 | 0 | 1000 | ३५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ANSAM AL KHALEEJ CONTRACTING COMPANY IS A ONE PERSON COMPANY**

पूर्व स्वीकृति मिति २०७९/१०/२६ | LT. No. :280833 | चलानी नं.६०१९६४४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Telecom Line Installer | 4 | 0 | 1200 | ३५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन ९ गते (21st Feb. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Al Faraz International Overseas Pvt. Ltd**
Budhanilkantha-9, Kathmandu, BAGMATI, Contact: 9847416116
Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80



**अनलाइन पत्रिका बन्द हुने सूचना**

**सूचना प्रकाशित मिति २०७९।११।०२**

यस puraisamachar.com नामक अनलाइन पत्रिका पछि कुनै दायित्व बाँकी नरहने गरी बन्द गर्न लागिएको हुँदा तत्सम्बन्धमा कोही कसैको केही लेनदेन बाँकी बक्यौता भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाव मिलान गर्नुहुन अनुरोध गर्दछौं।

**www.puraisamachar.com** परिवार

प्रभाव दैनिक
National Daily

# एसिड आक्रमणको मनोवैज्ञानिक असर



▶▶ निगम कोइराला

एसिड आक्रमणबाट हुने मनोवैज्ञानिक असर जस्तैः डर, त्रास, चिन्ता, निराशा र मानसिक आघातलाई न्यूनीकरण गर्न राज्यबाट यथोचित सहयोग र सद्भाव प्रदान गर्नुपर्दछ । त्यस्तै सम्पूर्ण नागरिकहरूले व्यक्तिगतरूपमा त्यस्ता पीडितहरूलाई साथ र सहयोग दिनुपर्दछ । उनीहरूलाई आवश्यक पर्ने उपचार तथा मनोसामाजिक र मनोवैज्ञानिक परामर्श निःशुल्करूपमा प्रदान गरिनुपर्छ ।

कुनै पनि मानिसको अनुहार वा शरीरमा अर्को व्यक्तिले अंग कुरूप गराउने वा हत्या गर्ने उद्देश्यले एसिड फयाँक्ने गरिन्छ भने त्यसलाई सरल भाषामा 'एसिड आक्रमण' भनेर बुझिन्छ । यसरी जानाजानी अरुको शरीरमा एसिड फयाँकेर आक्रमण गर्नु जघन्य अपराध हो । एसिड आक्रमणका पीडितको तत्काल उद्धार गरी उसले सही उपचार पाउन सकिएमा एसिडले पुऱ्याएको शारीरिक क्षति कम गर्न सकिन्छ । तर, उसको शरीरमा हुने एसिड जलनको घाउको खत र उसमा पर्ने मानसिक तथा भावनात्मक क्षतिलाई न त पूर्णरूपमा मापन गर्न सकिन्छ न त यसको उपचार नै सहज र सरल हुन्छ । यस्ता घट्नाले पीडितको भविष्य डामाडोल पार्नुका साथै उनीहरूको आशा र सपनाहरूलाई पूर्णरूपमा नष्ट पार्दछ । यसले पीडितको पहिचान, आत्मसम्मान र विश्वासलाई ह्रास गराउँछ । एसिड आक्रमणले पीडितमा कस्तो मनोवैज्ञानिक असर पार्दछ र त्यस्तो अवस्थामा पीडितमा पर्ने मनोवैज्ञानिक असरलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्न बारे यो लेख लक्षित गरिएको छ ।

विश्वमा घट्ने अधिकांश एसिड आक्रमणका घट्ना महिलाहरूमाथि हुने गरेको पाइन्छ । त्यसमाथि पनि एसिड आक्रमणका अधिकांश घटना दक्षिण एसियाली मुलुकहरूमा हुने गरेको देखिन्छ । यस्ता घट्ना अक्सर प्रेम वा यौन प्रस्तावलाई अस्वीकार गर्ने महिलाविरूद्ध बदलाको रूपमा पुरुषले गर्ने गरेको पाइएको छ । यस किसिमका आक्रमण नियाल्दा समाजमा विद्यमान लैंगिक असमानता, पुरुषप्रधान सोच, महिलाको सामाजिक, शैक्षिक तथा आर्थिक हैसियत कम हुनु आदि कारक तत्त्वको रूपमा देखिन्छन् ।

विश्वका हरेक राष्ट्रले एसिड आक्रमणको प्रतिवेदन तयार गर्दै आएका छन् र त्यसमध्ये विकासशील राष्ट्रहरू जस्तैः बंगलादेश, कम्बोडिया, पाकिस्तान, भारत, अफगानिस्तान आदि राष्ट्रहरूमा बढी संख्यामा एसिड हिंसा हुने गरेको पाइन्छ । एसिड आक्रमणको घटना नेपालमा खासै सुनिँदैनथ्यो, तर केही वर्षयता यो समस्या बढ्दै आइरहेको छ । एसिड आक्रमणको सिकार बनेकामध्ये अधिकांश पीडितहरू आर्थिकरूपमा न्यून वर्गका छन् ।

केही वर्षअघि कालोपुल, काठमाडौं बस्ने जेनी खड्का (पीडितको स्वीकृतिमा सही नाम उल्लेख गरिएको) आफ्नै श्रीमान्बाट एसिड आक्रमणमा पर्दा उनको गर्धन, छाती र हात पूरै प्रभावित हुनपुग्यो । १४ वर्षको हुँदै आफूभन्दा २० वर्ष जेठो पुरुषसँग बिहे गरेकी जेनीले आफ्नो बालापन पनि राम्ररी अनुभव गर्न पाएकी थिइनन् । श्रीमान्बाट पनि माया र सद्भाव पाउन सकिनन् । कलिलो उमेरमै उनले अपमान र दुःख मात्रै पाइनन् एसिडको पीडा पनि भोग्नुपऱ्यो । सानैमा बिहे हुनु, पढाइ पूरा गर्न नपाउनु, घरबार सम्हाल्नुपर्ने जिम्मेवारीले दिएको मानसिक तनाव त छँदै थियो त्यसमाथि एक्कासि सोच्दै नसोचेको पीडा भोग्नुपर्दा उनलाई सुरुमा आत्महत्या गर्ने सोच पनि आएको थियो । एसिड आक्रमणको कारण कारण शारीरिक पीडा त छँदै थियो त्यसमाथि आर्थिक अवस्था कमजोर भएकोले अस्पतालमा उपचारको खर्च जुटाउन नसक्दा मानसिक पीडा झनै थपिएको थियो । विभिन्न व्यक्ति तथा संस्थाको प्रेरणा र सहयोगले जेनीले जसोतसो एसिड आक्रमणको पीडालाई केही हदसम्म भुल्न सफल भएकी छन् भने भविष्यमा यसरी अन्यायमा परेका महिलाहरूको हक हितका लागि लड्ने प्रण लिएकी छन् ।

जेनी त एक प्रतिनिधि पात्र मात्र हुन् । उनीजस्तै नेपालमा थुप्रै महिलाहरू एसिड आक्रमणमा परेर पीडादायी जीवन जिउन बाध्य भएका छन् । नेपालमा एसिड आक्रमणमा परेकाहरूको अध्ययन गर्दा उनीहरूले मूलतः तीनथरीको अवस्थामा आउने परिवर्तनका कारण मानसिक चिन्ता हुने देखिएको छ- शारीरिक, आर्थिक र सामाजिक अवस्था । एसिड छयाप्नेहरूमध्ये धेरैले पीडितको अनुहारलाई क्षतविक्षत बनाउने उद्देश्यले छयापेको देखिन्छ । यसले पीडितको अनुहारलाई नै कुरूप बनाइदिन्छ । कतिले आँखा गुमाएका छन् भने कतिको कान नै विलुप्त भएको देखिन्छ । त्यस्तै कतिले हात गुमाएका छन् । एसिडको प्रभावले धेरैले श्वासप्रश्वास र आँखासम्बन्धी दीर्घरोगबाट ग्रसित भएको पाइएको छ । यसरी अनुहार कुरूप हुँदा, अंगभंग हुँदा र विभिन्न रोग लाग्दा उनीहरू मानसिकरूपमा विक्षिप्त हुन्छन् । यसैको कारण कतिले आत्महत्याको प्रयाससमेत गरेको भेटिन्छ ।

त्यस्तै, एसिड आक्रमणले पीडितलगायत उसको परिवारमा आर्थिक असर पार्दछ । माथि उल्लेख गरिएझैं नेपालका अधिकांश एसिडपीडितहरू आर्थिकरूपमा विपन्न परिवारका छन् । एसिड आक्रमणको उपचार खर्च अत्यन्तै महँगो पर्ने हुँदा उपचारको क्रममा नै उनीहरू आर्थिक अभावका कारण मानसिक तनावमा पर्दछन् । एसिड आक्रमणका साथमा आर्थिक समस्यामा पर्दा धेरै पीडित तथा तिनका परिवारका सदस्यहरू मानसिकरूपमा विक्षिप्त भएको पाइएको छ । त्यस्तै, परिवारको गुजाराका लागि कमाउने व्यक्ति नै एसिड आक्रमण परेको अवस्थामा त परिवारको आर्थिक अवस्था डामाडोल नै बनाइदिन्छ । अनुसन्धानको क्रममा धेरैले यस्तो अवस्थामा आत्महत्या नै प्रमुख विकल्पको रूपमा लिएर त्यसको लागि प्रयास गरेको भेटियो ।

एसिड आक्रमणमा परेकाहरूमा मानसिक तनाव बढाउने अर्को प्रमुख कारण भनेको सामाजिक अपहेलना हो । अनुहार कुरूप र शरीरमा अंगभंग भएपछि पीडित मानसिकरूपमा विक्षिप्त त भएकै हुन्छ, त्यसमाथि घरबाहिर निस्केपछि उनीहरूले अनेक प्रकारका प्रताडनाहरू भोग्नुपर्ने हुन्छ । कतिपय समाजमा एसिडपीडित महिलालाई नै त्यसको दोष लगाउने गरिन्छ । 'यो नै दायाँबायाँ लागीहोली, त्यसैले यसलाई श्रीमान्ले एसिड छयापिदियो' भन्ने जस्ता आरोप लगाइने गरिन्छ । एसिडपीडित जेनीका अनुसार एसिड आक्रमणमा परेपछि उनी घरबाट निस्कनेबित्तिकै छिमेकीहरूबीच 'खासखुस' सुरु हुन्थ्यो । त्यस घटनापछि कत्तिले त उनीसँग बोलचालै बन्द गरे ।

त्यस्तै, परिवार र नातागोताका सदस्यहरूले आवतजावत बन्द गरेको घटना पनि सुनियो । केहीले आक्रमणपश्चात् आफ्नो 'प्रेम सम्बन्ध' टुटेको र हुन लागेको बिहे पनि तोडिएको कुरा बताएका छन् । यसरी एसिड आक्रमणले वैवाहिक जीवनमा पनि आघात पुऱ्याउने र पारिवारिक सम्बन्धमा दरारका कारण उनीहरू थप मानसिक तनावमा पर्दछन् । कतिपय पीडितहरू अघोषितरूपमा सामाजिक बहिष्करणमा परेको कुरा सुनाउँछन् । यसले उनीहरू आफू एक्लो भएको महसुस गर्दछन् र थप मानसिक चिन्तामा पर्दछन् ।

उल्लिखित कारणहरूले गर्दा पीडितहरूमा नैराश्यता पैदा हुन्छ । यस्तो अवस्थामा आत्मबल गिर्ने हुँदा उनीहरू त्रासका सिकार हुन्छन् । पीडकले फेरि आक्रमण गर्ने पो हो कि वा आफ्नो परिवारका सदस्यहरूलाई पुनः आक्रमण गर्छ कि भनेर आतंकित हुने गर्दछन् । जेनी खड्काको पनि यस्तै अनुभव छ । उनका श्रीमान् अहिले जेलमा छन् । जेल पर्नुअघि र जेलबाट पनि फोनमा उनलाई 'म निस्कनेबित्तिकै तँ र तेरो परिवार सबैलाई मार्छु' भनेर धम्की दिएको कारण उनी अझै पनि बेलाबेलामा झस्किने गर्छिन् । तसर्थ, एसिड आक्रमणमा परेकाहरूको मनोवैज्ञानिक त्रासलाई कम गर्नु जरुरी छ । समाजमा विनाडर बाँच्न पाउने उनीहरूको हकलाई सुनिश्चित गर्नु पर्दछ ।

एसिड हिंसा अन्त्य गर्न उत्तम तरिका भनेको यसको जड कारणहरूलाई सम्बोधन गरेर यस्ता घटना नै हुन नदिनु हो । एसिड आक्रमणको रोकथाम गर्न बनेका नीतिहरूको कडाइका साथ कार्यान्वयन हुन आवश्यक छ । एसिड आक्रमणबाट हुने मनोवैज्ञानिक असर जस्तैः डर, त्रास, चिन्ता, निराशा र मानसिक आघातलाई न्यूनीकरण गर्न राज्यबाट यथोचित सहयोग र सद्भाव प्रदान गर्नुपर्दछ । त्यस्तै सम्पूर्ण नागरिकहरूले व्यक्तिगतरूपमा त्यस्ता पीडितहरूलाई साथ र सहयोग दिनुपर्दछ । उनीहरूलाई आवश्यक पर्ने उपचार तथा मनोसामाजिक र मनोवैज्ञानिक परामर्श निःशुल्करूपमा प्रदान गरिनुपर्छ ।

एसिड आक्रमणबाट हुने मनोवैज्ञानिक असरहरूलाई न्यूनीकरण गर्न विभिन्न तवरबाट उपायहरू अपनाउन सकिन्छ ।

**पीडित व्यक्तिलाई गर्नुपर्ने सहयोगः**

क) पीडितहरूको आत्मबल र आत्मप्रेमलाई प्रबल बनाउन सहयोग पुऱ्याउने ।
ख) सकारात्मक र प्रेरणादायी सोचाइको विकासका लागि उनीहरूलाई विभिन्न माध्यमबारे जानकारी गराउने ।
ग) इच्छाएका कुराहरूलाई प्राथमिकता दिएर त्यसमा निरन्तरताका साथ खुसी हुँदै जीवनमा अगाडि बढ्न हौसला दिने ।
घ) पीडितहरूसँग बोल्दा अथवा व्यवहार गर्दा माया र सद्भावना राख्ने । उनीहरूलाई सधैं 'हामी सधैं तिम्रो साथमा छौं' भन्ने कुरा दर्शाउने ।

**पीडितलाई परिवारका सदस्यहरूले गर्नुपर्ने सहयोगः**

क) घरका सदस्य र आफन्तले माया र सुरक्षाभावसहित जीवनमा अगाडि बढ्न हौसला दिने ।
ग) घरका सदस्यहरूले घरको वातावरणलाई शान्त र स्वस्थ बनाउन कोसिस गर्ने ।
घ) पीडितहरूलाई घरको जिम्मेवारीप्रति ध्यान लगाउन प्रोत्सान गर्दै उनीहरूमाथि घटेको घटनालाई बिर्सन वा उनीहरूको मनलाई घटनाबाट हटाउन मद्दत गर्ने ।
ङ) मनोसामाजिक र मनोवैज्ञानिक विशेषज्ञको सहयोग दिलाउने । निरन्तररूपमा मनोसामाजिक परामर्श सेवा दिने ।

**पीडितलाई समाजले गर्नुपर्ने सहयोगः**

क) समाजमा हुनसक्ने भेद्भावलाई पूर्णरूपमा निषेध गर्ने ।
ख) समाजमा मानवता भावना विकास गरी सबैले पीडितहरूलाई 'आफ्नो मान्छे'को व्यवहार गर्ने । उनीहरूलाई पूर्णरूपमा आफू सुरक्षित छु भन्ने विश्वास दिलाउने ।
ग) एसिड आक्रमणका पीडितहरूको हितको निमित्त उनीहरूको न्यायका लागि सामाजिक तथा कानुनीरूपमा सहयोग गर्ने ।
घ) सामाजिक कार्यकर्ताहरूले समाजमा रहेका एसिड आक्रमणका पीडितहरूको आवाजलाई समाजको अगाडि ल्याएर त्यसलाई माथिल्लो तहसम्म पुऱ्याउन सहयोग गर्ने ।

**पीडितहरुलाई राज्यले गर्नुपर्ने सहयोगः**

क) पीडकलाई कडाभन्दा कडा सजाय दिने ।
ख) सरकारबाट एसिड आक्रमणविरुद्ध बनाएको नीति, नियम र कानुनको कडा कार्यान्वयन गर्ने ।
ख) एसिड आक्रमणका पीडितहरूलाई सामान्य मनिसहरूसँग सरकारी वा निजी कार्यालयमा काम गर्ने अवसर दिलाउने ।
ग) पीडितहरूलाई आवश्यक मनोसामाजिक र मनोवैज्ञानिक परामर्श निःशुल्करूपमा दिने व्यवस्था गराउने ।
घ) पीडित र तिनका परिवारका सदस्यहरूको आर्थिक सशक्तीकरणका लागि नयाँ पहलको स्थापना गर्ने ।

माथि उल्लिखित कार्य गर्न सकिएमा एसिडपीडितहरूको मनोवल बढ्नुका साथै उनीहरू समाजमा पुनः स्थापित हुन सक्ने छन् । कुनै पनि व्यक्ति 'एसिडपीडित' हुनुमा उनीहरूको दोष हुँदैन । तसर्थ, समाजले उनीहरूलाई थप माया, सम्मान र हौसला प्रदान गर्नुपर्छ भने समाजमा किन एसिड पीडक पैदा हुन्छ भन्नेबारे बहस गरी त्यसको समाधानका लागि कार्य गर्नु पर्दछ ।

*(लेखक नेपाल स्वास्थ्य विज्ञान अध्ययन संस्थान (स्तुपा कलेज), जोरपाटीमा जनस्वास्थ्य विषय प्राध्यापन गर्छन्)*

## सम्पादकीय

### 'हचुवा'मा बजेट ल्याउने प्रवृत्तिको परिणाम

आइतबार चालु आर्थिक वर्ष २०७९/८० को बजेटको अर्धवार्षिक समीक्षा सार्वजनिक हुँदा मुलुकको अर्थतन्त्र कुन दिशातर्फ जाँदै छ भन्ने संकेत गरेको छ । मुलुक पटक-पटकको राजनीतिक परिवर्तन हुँदै अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्रमा आइपुगेको हो । जनताले राजनीतिक परिवर्तन र स्थायित्वका लागि पटक-पटक संघर्ष गरे । तर, आजको संघीय गणतन्त्रसम्म आइपुग्दा पनि राजनीतिक स्थिरताको आभास जनताले गर्न पाएका छैनन् । राजनीतिक अस्थिरताकै कारण मुलुकको आर्थिक अवस्थामा सुधार आउन सकेको छैन । मुलुकको अर्थतन्त्र अझै पनि विदेशी अनुदान र रेमिटचान्समा भर पर्नुपर्ने अवस्थाबाट माथि उठ्न सकेको छैन । जुन चालु बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनबाट थप छर्लंग भएको छ ।

त्यसो त हरेक वर्ष सरकारले ल्याउने बजेट कार्यान्वयन कमजोर बन्दै आइरहेकै थियो । सरकारको नेतृत्वमा रहेको दलको स्वार्थअनुसार महत्त्वाकांक्षी कार्यक्रमहरू ल्याउने प्रवृत्ति निरन्तर चल्दै आएको छ । त्यसरी कार्यक्रम राख्दा स्रोत व्यवस्थापनमा ध्यान दिने गरिएको छैन । 'हचुवा'को भरमा कार्यक्रम राखेर मतदातालाई लोभ्याउने र आफ्ना दलका कार्यकर्तालाई खुसी बनाउनेगरी बजेट बनाउने काम प्रत्येक अर्थमन्त्रीले गर्दै आएका छन् । त्यही क्रमलाई तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले निरन्तरता दिए । चुनाव नजिकिँदै गर्दा उनले ल्याएको बजेट कार्यान्वयन हुनेमा त्यतिबेलै आशंका गरिएको थियो । अहिलेसम्मकै ठूलो आकारको बजेट ल्याएका उनले स्रोतको उचित आकलन गर्न नसक्दा यसपटक अर्धवार्षिक समीक्षामार्फत ठूलो रकमले बजेटको आकार घटाउनुपरेको छ ।

चालु आवका लागि ल्याइएको १७ खर्ब ९३ अर्ब ८३ करोड रूपैयाँ बराबरको बजेट समीक्षामार्फत संशोधन गरी दुई खर्ब ४४ अर्ब रूपैयाँले घटाइको छ । यो विनियोजित बजेटको १४ प्रतिशत हो । यसरी घटाइएसँगै चालु बजेटको आकार १५ खर्ब ४९ अर्ब ९९ करोड रूपैयाँमा सीमित भएको छ ।

बजेटको मुख्य स्रोत राजस्व हो । तर, चालु आवमा राजस्व संकलन ५५ वर्षयताकै कमजोर भएको अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आइतबार प्रतिनिधिसभामा बताए । चालु बजेट ल्याउँदा साउनदेखि पुस मसान्तसम्मको राजस्व संकलन लक्ष्य छ खर्ब ५१ अर्ब ८२ करोड रूपैयाँ राखिएको थियो । तर, यस अवधिमा चार खर्ब ९० अर्ब चार करोड रूपैयाँ मात्र राजस्व संकलन भएको छ । यो अंक गत आर्थिक वर्षको यसै अवधिमा संकलन भएको राजस्वभन्दा पनि १५ प्रतिशत कम हो । राजस्वमा यस्तो खालको नकारात्मक वृद्धिदर आर्थिक वर्ष २०२४/२५ पछि पहिलोपटक हुन पुगेको अर्थमन्त्री पौडेलको भनाइ छ । बजेट बनाउँदा स्रोत आकलनमा ध्यान नदिँदाको परिणाम हो यो ।

चालु आवमा १४ खर्ब तीन अर्ब १४ करोड रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा समीक्षामार्फत १२ खर्ब ४४ अर्ब ७५ करोड रूपैयाँमा झारिएको छ । जुन सुरुआती अनुमानको ८८.७१ प्रतिशत हो । बजेटमा चालु तथा पुँजीगत खर्च, वैदेशिक अनुदान र ऋण, आन्तरिक ऋणलगायतको लक्ष्य पनि घटाइएको छ । लक्ष्यअनुसार राजस्व संकलन गर्न नसक्नु र स्रोतको उचित आकलन गरी बजेट निर्माण गर्न नसक्नु सरकारको कमजोरी हो । विनियोजित बजेट खर्चको स्थिति पनि निराशाजनक रहेको छ । विशेषगरी पुँजीगत खर्च अत्यन्त कमजोर अवस्थामा रहेको छ । पुँजीगत खर्च नहुनु भनेको विकास निर्माणका कार्यले गति लिन नसक्नु हो । यसले मुलुकको उत्पादनदेखि रोजगारी सिर्जनासम्ममा ठूलो असर पुऱ्याइरहेको छ ।

चुनावमा स्थिर सरकार तथा विकास र समृद्धिको नारा कुनै पनि दलको घोषणापत्रमा छुटेको थिएन । तर, दलहरू अझै पनि सत्तामोहमा मात्र केन्द्रित छन् । केही दल व्यवस्था नै फेर्न भनेर लागिपरेका छन् । अहिलेको आवश्यकता व्यवस्था फेर्न होइन, अवस्था फेर्नमा केन्द्रित हुनुपर्ने हो । त्यसैले यसतर्फ सबैको ध्यान जाओस् ।

## मनन्योग्य

### चाणक्य नीति

'युनानी राजकुमारी हाम्रो पूर्वीय संस्कृतिबारे पूर्ण परिचित हुनुहुन्छ । त्यसलाई प्रेम र आदर गर्नुहुन्छ । तपाईंहरू सोच्नोस् यो विवाहले मानवताको कति उपकार हुन्छ । भारत वर्ष युनानका आक्रमणबाट सधैँ मुक्त रहन्छ युनानका रूपमा भारतवर्षले आफ्नो एउटा शक्तिशाली मित्र पाउँदा त्यो पनि धेरै शक्तिशाली हुनेछ, भारतवर्षको संस्कृतिको विस्तार हुनेछ ।' चाणक्य अरू पनि धेरै भन्न चाहन्थे तर ती धर्मांधन्ताले गर्दा पण्डित समूहले केही सम्झेनन् । रिसाउदै भन्न लागे- 'शत्रुकी छोरी त्यो पनि विजातीय यो विवाह हुनै सक्दैन ।'

चाणक्यलाई कसैले चनैती देओस् । यो चाणक्यको स्वभावमा थिएन । उनको अनुहार रिसले रातो भयो, गम्भीर स्वरमा भने- 'अतः मान्यवर ! तपाईलाई यो विवाह स्वीकार छैन ? ... तपाईं सबै सुन्नोस् आँखा चिम्लिएर शासन चल्दैन । तपाईं त्यहाँसम्म सोच्न सक्नुहुन्न जहाँसम्म म सोच्न सक्छु । यो विवाहको कार्यले जो राम्रो परिणाम निस्कन्छ त्यसबारे मैले तपाईंहरूलाई परिचय दिइसकें, व्यर्थको रुढिवादले राष्ट्रको भविष्य अन्धकारतिर लैजाओस् हो ।

चाणक्य हुँदा यस्तो हुन सक्दैन । धर्म आफ्नो ठाउँमा छ, तर राष्ट्रय त्यसभन्दा ठुलो छ । सबैतिर युद्ध र डर हुन्छ । त्यसबेला धर्मले राष्ट्र बचाउन सक्छ ? राष्ट्र बचाउन र शान्ति प्रेम चाहिन्छ, त्यही प्रत्येक धर्मको मूल हो ।

अँ जो पनि धर्माधिकारी उपस्थित हुनुहुन्छ उहाहरू कति धर्मनिष्ठ हुनुहुन्छ यो म राम्रोसँग जान्दछु प्रत्येकको जन्मकुण्डली मसँग छ, यदि भन्नुहुन्छ भने त्यो म राजसभामा पढी सुनाउँछु ।'

क्रमशः

## धनयुद्धमा रमाएको जनयुद्धको कहानी




▶▶ वैकुण्ठ भण्डारी



माघ सकिएर फागुनको शुभारम्भ हुँदै गर्दा बिहान हुन नपाउँदै कुखुरा बास्यो । कुखुरा बासेको आवाजले मटचाङ्ग्रो जऱ्याकजुरुक्क उठेर सिरानीछेउको बत्तीको स्वीच थिच्छ, पाँच वाटे चिमको धमिलो उज्यालोमा सिरानीमाथिको भित्त घडी नियाल्छ । ३ पनि बजेको छैन । मटचाङ्ग्रो कुखुरालाई सराप्दै सिरक ओड्छ । तर निदाउन सक्दैन । आँखा खुल्ला गरेर मनमा कुन्नि के-के कुरा खेलाउँछ, दाहिने हातले सिरक फालेर जुरुक्क उठ्छ । तामाको अम्खोरामा राखेको पानी घट्घटी पिउँछ अनि भित्तामा माला लगाएर झुण्डयाइएको छोरीको फोटोमा गएर सुम्सुम्याउँछ । र, श्रद्धाको दुई थोपा आँशु खसाल्छ ।

एक्लो मटचाङ्ग्रोको आँखाबाट झरेको आँशु न त छोरीले देख्छे न त आँशु पुछ्ने कोही नै साथमा छ । छ त केवल भित्तामा झुण्डयाइएको छोरीको फोटो, अनि टकऽटक बजिरहेको भित्ते घडी । भित्ताको घडी टकऽटक बजिरहेको छ, लाग्छ मटचाङ्ग्रोको आँखाबाट झरेको आँशुलाई संगीत दिइरहेको छ । त्यही सांगीतिक आँशुसँगै बिहानीको मिर्मिरे उज्यालो पूर्वपट्टी रहेको झयालको प्वालबाट चियाइरहेको छ ।

*'हुँदैन बिहानी मिर्मिरेमा तारा झरेर नगए बन्दैन मुलुक दुईचार सपुत मरेर नगए ।'*

भूपि शेरचनले लेखेका हरफ मटचाङ्ग्रोको मस्तिष्कमा खेल्छ र छोरीको फोटोलाई भन्छ, 'बुझिस् छोरी ? यी भूपि त निकै गलत रहेछन् । मनगढन्ते एक दर्जन शब्द चर्चामा ल्याए । सबैलाई कण्ठस्थ तुल्याए । अनि भ्रममा पारे ।' म जस्ता एक्ला बाउहरूलाई सधैं रुवाए ।

'होइन बा, भूपिले भनेको साँच्चै नै हो । मुलुक बनाउनका लागि तपाईंकी छोरी पल्ला घरे साइला काकाको छोराजस्ता हजारौंले आफ्नो बलिदान दिएर त गणतन्त्र आएको छ ।' कता-कता छोरीकै आवाजमा बोलेको जस्तै गरी मटचाङ्ग्राको मथिंगलमा खेल्छ ।

२७ वर्षअघि मुलुकमा सर्वहारा वर्गका लागि, शोषक, सामन्तीहरूका विरुद्ध, सर्वहारा वर्गको वर्गीय उत्थानका लागि भन्दै नेकपा माओवादी, संयुक्त जनमोर्चाका नामबाट विद्रोह गरेको दिन । मटचाङ्ग्रो सम्झन्छ, त्यो कहाली लाग्दो १० वर्ष । अनि आफ्नी छोरी, साइला भाइको छोरा । जसले साँच्चै नै मुलुक बनाउनका लागि भन्दै सशस्त्र विद्रोहमा लागेर आफ्नो ज्यान अर्पण गरेका । त्यो संघर्षले व्यवस्था त फेरियो तर अवस्था फेरिएन । मटचाङ्ग्राहरू २७ वर्षअघि जुन अवस्थामा थिए अहिले पनि त्यही अवस्थामा छन् । बरु २७ वर्षअघिको भन्दा पनि संघर्ष र कठोर जीवनयापन गर्न बाध्य भएका छन् ।

साँच्चै नै मुलुक बनाउनका लागि ज्यान गुमाएर गएकाहरू सालिक बनेका छन् । सर्वहारा वर्गको उत्थान गर्छु भनेर हिँडेकाहरू यो देशका मालिक भएका छन् । मटचाङ्ग्रो सम्झन्छ झापाको सुनखानी काण्ड । 'कि त जोत हलो कि त छोड थलो, होइन भने अब छैन भलो' भन्ने भीमदत्त पन्त सम्झन्छ । अनि फेरि छोरीको तस्बिर हेर्छ र भन्छ, 'छोरी सरकारले आज सार्वजनिक बिदा दियो रे ! भर्खरै कुखुरा कुबेला बासेपछि पो थाहा पाएँ ।' आफैं दंग पर्दै मटचाङ्ग्रो भन्छ, 'यो बिदाले के परिवर्तन हो ?' तिमीजस्ता हजारौं छोराछोरीको बलिदान यसकै लागि हो र ? म जस्ता हजारौं 'बा'हरूले साँच्चै नै श्रमिक, किसान, मजदुर अनि सीमान्तकृत वर्गको परिवर्तन भएको देख्न पाउनु पर्दथ्यो । तर, ती त सबै सपना रहेछन् । 'तिम्रो बलिदानी केही व्यक्तिको परिवर्तनका लागि रहेछ । एउटा मालिकलाई धपाएर दर्जनौं नयाँ मालिक भित्रयाउन पो रहेछ ।' बुझ्यौ छोरी ?

विचरी निर्जिव तस्बिरमा टाँसिएकी छोरीको के आवाज आउँथ्यो र ? उनले त जुनबेला जनयुद्धमा होमिइन् त्यसको केही वर्षमा नै ज्यान गुमाइसकेकी थिइन् । छोरीले साँच्चिकै देश परिवर्तनका लागि प्राण आहूति गरेको भान गरिरहेको मटचाङ्ग्रो यतिबेर भने दिक्क मानिरहेको छ । आफ्नी छोरी र साइला भाइको छोराजस्ता हजारौंले प्राण फाले । हजारौं छोराछोरी अझै पनि अपांग भएर मागेर खानुपर्ने अवस्था छ । हजारौं जनयुद्धमा होमिएका युवाहरू खाडीमा रगत बगाउन बाध्य भएका छन् । तर, परिवर्तन त तिनकै लागि भयो जसले आमजनतालाई सपनामा राखिरहेका थिए । मालिक बन्ने सपना बोकेर मटचाङ्ग्राका सन्तानलाई सालिक बनाउनेहरूका लागि मात्र देखियो । २७ वर्षअघि मुलुक परिवर्तन गर्नका लागि सुरु भएको जनयुद्ध त 'धनयुद्ध'का लागि पो रहेछ । माओवादीका लागि जनयुद्ध दिवस धनयुद्धमा परिणत भयो । सामाजिक परिवर्तन गर्छु भन्नेहरू सुकिला मुकिलाहरूलाई सराप्दै आफैं परिवर्तन भए । मटचाङ्ग्राहरू त दर्शक त हुन् । सत्तामा पुगेर कलाकारिता प्रदर्शन गर्नेहरूले जस्तो अभिनय गरे पनि जबर्जस्ती हेरिदिनुपर्ने ! हो अहिले जनयुद्ध दिवस पनि त्यस्तै भएको छ । जनयुद्ध लडेर व्यवस्था नै परिवर्तन गर्न सक्नेले त्यही व्यवस्था परिवर्तनका लागि संघर्ष गर्नेहरूको जीविकोपार्जनका लागि किन अवस्था परितर्वन गर्न सकेन ।

हिजो यही देशको मुहार फेर्छु । जनतामा भएको रोग, भोक र शोकको अन्त्य गर्छु भनेर १० वर्ष बन्दुकको नालमा ज्यान थापेर हिँड्नेले सत्ताको वरपर पुगेको १७ वर्षमा धनयुद्धको वर्ष गर्दै आफैं परिवर्तन भएको देखेर त मटचाङ्ग्रो झिसमिसेमै धनयुद्धमा नलाग्ने प्रण गर्दै जनयुद्धमा होमिएकी छोरीलाई स्मरण गरिरहेको छ ।

मटचाङ्ग्राहरूलाई धनयुद्धको लोभमा अब पनि भोक र प्यासमा अझै कति बस्नुपर्ने हो । धनयुद्धमा लागेका मालिकहरूलाई अझै महान मालिक बनाउन फेरि कति सपुतहरूले ज्यान गुमाउनुपर्ने हो ?

तर, देखिएन परिवर्तनका संकेतहरू, हजारौंले सपुतले ज्यान फालेर गए पनि मुलुक बन्ने देखिएन । धनयुद्धले सबैको आँखा टालिसकेको छ । कान नसुन्ने बनाइसकेको छ । बोली नफुट्ने बनाइदिएको छ । त्यसैले त मटचाङ्ग्राले सधैं स्मरण गरिहन्थ्यो, 'सिंह'दरबार पस्ने र खरानी धस्नेबाट आशा नगर्नू' । विचारमाथि विचार गर्नेहरू, विचार बदलिरहेका छन्, सत्ता र शक्तिका लागि छेपारोले जस्तै रङ फेरिरहेका छन् । मटचाङ्ग्राको जय होस् ।

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**स्यान्ड मोडेल** रुकुम (पूर्व)को भूमे गाउँपालिका-६ महतमा निर्माण गरिएको स्यान्ड मोडेल । जनयुद्धको बेलामा तत्कालीन डिएसपी ठुले राईलाई नियन्त्रणमा ल्याएको ठाउँ । यहाँ थुप्रैले साहदत प्राप्त गरेका थिए । यही ठाउँलाई युद्ध पर्यटनको रूपमा विकास गर्न अहिले स्यान्ड मोडेल तयार पारिएको छ ।

*तस्बिरः सर्जना कार्की/रासस*

# हात्तीपीडितलाई राहत दिन वडाध्यक्ष कार्कीको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** मेचीनगर नगरपालिकाका वडा नम्बर ४ का वडाध्यक्ष अर्जुन कार्कीले हात्तीपीडित जनतालाई उचित राहत प्रदान गर्न सरकारसमक्ष माग गरेका छन् । सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गरी उनले बाहुनडाँगी क्षेत्रका हात्तीपीडित जनतालाई उचित राहत र दीर्घकालीन समस्या समाधानका लागि सरकारसमक्ष आग्रह गरेका हुन् ।

हात्तीपीडित जनताको राहतका लागि स्थानीय सरकारले केही मल्हमपट्टीको



प्रयास गरे पनि त्यो पर्याप्त नभएको उनको भनाइ छ । मानव-हात्तीको सहअस्तित्त्व कायम गरेर अगाडि बढ्न सकेमात्रै राम्रो हुने उनले बताए । हात्ती आतंकको कारण बालबालिकाको शिक्षामासमेत नकारात्मक असर परेको उनले बताए ।

हात्ती र मान्छेलाई सँगै कसरी बाँच्ने र बचाउने भन्नेबारेमा कार्यक्रम तय गरी त्यहाँका जनताबीचमा लैजान पनि उनले सरकारसमक्ष आग्रह गरेका छन् । हात्ती आतंकका कारण आफूहरूले चाडबाड राम्रोसँग मनाउन र चेलीबेटीहरूकोसमेत विवाह हुन गाह्रो भएको उनको भनाइ छ । हात्तीलाई बोझको रूपमा नभएर पर्यटनसँग जोडेर मोजको रूपमा लिने वातावरण निर्माणका लागि उनले सरकारसँग आग्रह गरे ।

## गज्याङमज्याङ...
पृष्ठ १ बाट जारी

छैनन् । दाहालले राष्ट्रपतिमा राष्ट्रिय सहमति हुनुपर्ने अडान लिइरहेका छन् । उनको दल नेकपा माओवादी केन्द्रको स्थायी कमिटी र सचिवालय बैठकले पनि राष्ट्रिय सहमतिका आधारमा भावी राष्ट्रपति चयन गर्नुपर्ने निर्णय गरिसकेको छ ।

तर, आइतबार बसेको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकले भने गठबन्धनलाई अझ मजबुत पार्ने र राष्ट्रपति निर्वाचनमा गठबन्धनको एउटै धारणा बनाउने सहमति गरेको छ । यो गठबन्धनलाई कायम राख्ने प्रयास हो । यति हुँदा हुँदै पनि गठबन्धन भने गज्याङमज्याङपूर्ण स्थितिमा छ । गठबन्धन धरमरमा पनि छ ।

राप्रपा प्रवक्ता मोहन श्रेष्ठ यदि गठबन्धन भत्कियो भने त्यो माओवादीका कारणले भत्किने बताउँछन् । 'राजनीतिमा छिनछिनमा अनेक परिघटना त घट्छन् तर विश्वास के हो भने गठबन्धन टुट्दैन । किनभने, १० पुसमा भएको सहमतिअनुसार एमालेबाट राष्ट्रपति हुनेबित्तिकै गठबन्धन कायम हुन्छ,' उनले प्रभावसँग भने, 'यदि, माओवादीले राष्ट्रपतिमा दायाँबायाँ सोच्यो भने त गठबन्धन नरहन सक्छ ।'

प्रधानमन्त्रीमा दाहालले दाबी गर्नुभन्दा पहिले एमाले अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोटमा वर्तमान सत्ता गठबन्धनमा रहेका दलहरूबीच एमालेबाट राष्ट्रपति हुने समझदारी भएको थियो । त्यही समझदारी पालना गर्न प्रधानमन्त्री दाहाल तयार देखिएका छैनन् । तर, एमाले, रास्वपा र राप्रपा भने प्रधानमन्त्री दाहाल पूर्ववर्ती समझदारीबाट पछाडि हट्न नमिल्ने तर्क गरिरहेका छन् ।

भावी राष्ट्रपतिलाई लिएर गठबन्धनभित्र खटपट सुरू भइसकेको छ । यस्तो अवस्थाबीच कांग्रेस महामन्त्री गगन थापाले १० फागुनसम्ममा गठबन्धन भत्काउने दाबी गरेका छन् । उक्त दिन राष्ट्रपति निर्वाचनका लागि मतदाता नामावली प्रकाशन गर्ने निर्वाचन कार्यतालिका छ । मतदाताहरू प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभा सदस्यहरू हुन् ।

त्यसपछि फागुन १३ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने समय तोकिएको छ । यसको तीन दिनअघि १० फागुनमै गठबन्धनलाई भत्काउने दाबी कांग्रेस महामन्त्री थापाले रूपन्देही पुगेर गरेका हुन् ।

'पुस १० गते बनेको अहिलेको सात दलीय गठबन्धन फागुन १० गते भत्किएर चुनावअघिको पाँच दलीय गठबन्धन ब्युँतिन्छ । राष्ट्रपति चुनावमा पनि कांग्रेसले प्रस्ताव गरेको उम्मेदवारले जित्छ,' महामन्त्री थापाले रूपन्देही क्षेत्र नम्बर १ ले आयोजना गरेको कार्यकर्ता भेलामा सोमबार भने ।

निर्वाचनअघिको पाँच दलीय गठबन्धन भने कांग्रेसकै कारण भत्किएको हो । तत्कालीन गठबन्धनको महत्त्वपूर्ण दल माओवादीलाई राष्ट्रपति वा प्रधानमन्त्रीमध्ये दुवै पद नछाड्ने कांग्रेसको 'बटमलाइन' थियो । लगत्तै दाहालले ओली नेतृत्वको एमालेसहितको नयाँ गठबन्धन बनाएको हो । गठबन्धन भने राष्ट्रपति निर्वाचनअघि नै संकटमा पर्ने देखिएको छ । किनभने प्रधानमन्त्री दाहाल राष्ट्रिय सहमतिको नाममा कांग्रेसबाट राष्ट्रपति बनाउन चाहन्छन् ।

माओवादीका एक जना पदाधिकारी भन्छन्, 'अहिले सभामुख एमालेको छ, अढाइ वर्षपछि प्रधानमन्त्री पनि उसकै । अहिले राष्ट्रपति पनि । भोलि संविधानमाथि आक्रमण हुन सक्छ । त्यही भएर एमालेबाहेकबाट राष्ट्रपति हुनुपर्छ भन्ने लाइनबाट राष्ट्रिय सहमति भनेका हौं ।'

राष्ट्रपति निर्वाचन २५ फागुनमा तोकिएको छ । यही निर्वाचनले गठबन्धनलाई टिकाउँछ कि भत्काउँछ भन्ने निश्चित हुने भएको छ ।

यसअघि संघीय सरकारदेखि प्रदेश सरकार गठन हुँदै सभामुख तथा उपसभामुख निर्वाचन हुँदासम्म गठबन्धन दलहरूबीच इमानदारीपन देखिएको छ । राष्ट्रिय सभा उपाध्यक्ष र लुम्बिनीबाट राष्ट्रिय सभा उपनिर्वाचनमा पनि गठबन्धनका दलहरूले इमानदारिता देखाए ।

# 'गेटा मेडिकल कलेज छिट्टै सञ्चालनमा ल्याइन्छ'

**सुदूरपपश्चिम-** प्रधानमन्त्री पुष्पकमल दाहालले कैलालीको गेटा मेडिकल कलेज सञ्चालनका लागि तीव्रगतिमा काम अघि बढ्ने बताएका छन् । गोदावरी नगरपालिका-५ को गेटामा निर्माण भएको मेडिकल कलेजको सोमबार स्थलगत अनुगमन निरीक्षणका क्रममा सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै प्रधानमन्त्री दाहालले सो मेडिकल कलेजमा सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापना गर्ने निर्णय आइतबार नै मन्त्रिपरिषद्को बैठकले गरेको जानकारी दिए । उनले भने, 'सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापना गर्ने भनेर हिजो (आइतबार) नै क्याबिनेट राखेर सैद्धान्तिक निर्णय भएको छ, अब व्यावहारिक रूपले यो मेडिकल कलेज चलाउनेतिर तीव्र गतिमा अगाडि जान्छ ।'

पहिलोपटक प्रधानमन्त्री हुँदा पनि सुदूरपश्चिममा केही काम गर्ने र सबैभन्दा धेरै सुदूरपश्चिममा नै आएर आयोजनाको अवलोकन



गरेको स्मरण गर्दै प्रधानमन्त्री दाहालले भने, 'यसपटक पनि प्रदेशस्तरमा विकास आयोजनाको अनुगमन गर्ने काम सुदूरपश्चिमबाटै भएको छ देशकै निम्ति गौरबको राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय गेटामा बन्दै छ ।' सञ्चारकर्मीको प्रश्नमा प्रधानमन्त्री दाहालले मेडिकल कलेज सञ्चालनका लागि कुनै नपर्ने बताए । अवलोकनका क्रममा मेडिकल कलेज पूर्वाधार निर्माण समितिका कार्यकारी निर्देशक हेमराज पुजाराले निर्माणसम्बन्धी प्रतिवेदन प्रस्तुत गरेका थिए । गुरुयोजनाबमोजिमका कलेजका झण्डै ४२ संरचनामध्ये २८ भवन संरचना तयार भई निर्माण कम्पनीले हस्तान्तरण गरिसकेको छ । बाँकी संरचना हस्तान्तरणको चरणमा छन् । आगामी असारसम्म सबै संरचनाको निर्माण पुरा भइसक्ने जनाइएको छ । हाल खानेपानी, सडक पूर्वाधारजस्ता साना आयोजनाको काम निर्माणाधीन रहेको कार्यकारी निर्देशक पुजाराले बताए ।

कलेज निर्माणमा हालसम्मको लागत पाँच अर्ब ४५ करोड रूपैयाँ रहेको छ । वि.सं. २०६६ मा कैलाली जिल्लाको गेटामा मेडिकल कलेज स्थापनाका लागि संरचना निर्माण सुरु भएको थियो । गेटा मेडिकल कलेज छ सय शयचाको निर्माण गर्ने लक्ष्य छ । कलेज सञ्चालनसँगै स्वास्थ्य शिक्षाका उच्चस्तरको जनशक्ति उत्पादन हुने र स्वास्थ्योपचारको सेवा प्राप्त हुनेछ । *रासस*

## हिंसात्मक बन्यो...
पृष्ठ १ बाट जारी

ट्राफिक प्रहरीले सवारीसाधन कारबाही गरेबापत लिने शुल्क बढाएको भन्दै यातायात मजदुरहरू प्रदर्शनमा उत्रिएका हुन् ।

सवारी जरिवानाबापत ट्राफिक प्रहरीले लिँदै आएको चर्को शुल्क खारेज गर्नुपर्ने, निलम्बित लाइसेन्स फुकुवा गर्नुपर्ने, भौतिक पूर्वाधार पार्किङ 'पिक एण्ड ड्रप'को व्यवस्था गर्नुपर्नेलगायत उनीहरूको माग छ ।

प्रदर्शनमा नेपाल यातायात मजदुर संघ, अखिल नेपाल यातायात मजदुर संघ, नेपाल यातायात स्वतन्त्र मजदुर संगठनलगायतको नेतृत्वमा यातायात मजदुरहरू प्रदर्शनमा उत्रिएका हुन् । उनीहरूले सोमबार दिउँसोदेखि नयाँ बसपार्क, माछापोखरी, बालाजुलगायतका स्थानमा सार्वजनिक बस बाटोमा तेर्स्याएर प्रदर्शन गरेका थिए । मजदुरको प्रदर्शनमा यातायात व्यवसायीहरूको समर्थन थियो ।

नयाँ बसपार्कदेखि गोँगबु चोकसम्मको मुख्य सडकबाट सञ्चालन हुँदै आएका बस तथा माइक्रोबस नयाँ बसपार्कभित्रबाट सञ्चालन गर्न काठमाडौं महानगरपालिकाले निर्देशन दिएको थियो । तर, त्यस क्षेत्रका यातायात व्यवसायी भने पुरानै स्थानबाट सञ्चालन गर्न पाउनुपर्ने पक्षमा छन् । प्रदर्शनकारीहरूले यो मुद्दा पनि प्रदर्शनको क्रममा उठाएका थिए ।

उक्त सडक क्षेत्र अहिले चिनियाँ कम्पनीले विस्तार गर्दै छ । व्यक्तिको निजी जग्गाबाट सञ्चालन हुँदै आएका उक्त बस तथा माइक्रोबसलाई नयाँ बसपार्कबाट सञ्चालन गर्न खोज्दा त्यहाँका व्यवसायीले असहमति जनाएका थिए । मजदुर र व्यवसायीको आन्दोलनले साँझपख उग्ररूप लिँदा प्रहरीमाथि ढुंगा प्रहार गर्नेदेखि प्रहरीको गाडी आगजानी गर्नेसम्मका कार्य गरिएको थियो । आन्दोलनकारीले बालाजु चोकमा रहेको अस्थायी प्रहरी बिटमा आगो लगाउनुका साथै प्रहरीको दुई वटा भ्यानमा आगो लगाएका थिए ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्ट ऐन तथा नियमअनुसार नै ट्राफिक जरिवाना गर्दै आएको बताउँछन् । 'पहिलोपटक ट्राफिक प्रहरीको कारबाही पर्नेलाई ५०० रूपैयाँ, दोस्रोपटक कारबाही पर्नेलाई एक हजार र तेस्रोपटकभन्दा माथि कारबाही पर्नेलाई एक हजार ५०० रूपैयाँ जरिवाना लिँदै आएका छौं,' उनले भने ।

# महाशिवरात्रि र माध्यमिकी परिक्रमाको तयारी

■ गोपालप्रसाद बराल

**महोत्तरी–** फागुन कृष्णपक्ष सुरु हुँदै महोत्तरीसहितका मिथिला क्षेत्रमा महाशिवरात्रि पर्व र मिथिला माध्यमिकी परिक्रमाको तयारी सुरु भएको छ । फागुन कृष्णपक्षको त्रयोदशी तिथिका दिन मनाइने महाशिवरात्रि पर्व र त्यसलगत्तै फागुन औंसीसँगै प्रारम्भ गरिने मिथिला माध्यमिकी परिक्रमाको तयारीमा मैथिल (मिथिलाका बासिन्दा) देखिएका हुन् ।

महाशिवरात्रि पर्वका लागि महोत्तरीका शिवालयमा अहिले उत्सवको तयारी देखिएको छ । जिल्लाको बर्दिबास नगरपालिका-५ टुटेश्वरस्थित श्रीटुटेश्वरनाथ, भंगाहा नगरपालिका-५ स्थित श्री सिद्धनाथ, सोनमा गाउँपालिकाको मगरथानास्थित श्रीमंगलनाथ, सम्सी गाउँपालिकाको गेढाभेटपुरस्थित श्री धप्नेश्वर र जिल्ला सदरमुकाम जलेश्वर नगरपालिका-१ स्थित श्री जलेश्वरनाथ महादेव मन्दिरमा पर्वको तयारी अघि बढेको हो ।

यी शिवालयसँगै बर्दिबास-१४ स्थित श्रीकामेश्वरनाथ र भंगाहाको सीतापुर बजारस्थित श्री सन्तानेश्वर महादेव मन्दिरमा पनि महाशिवरात्रि पर्वका लागि रङरोगन, मेलास्थल व्यवस्थापन र सुरक्षा प्रबन्धको आवश्यक तयारी थालिएको माहशिवरात्री मेला व्यवस्थापन समितिले जनाएको छ । मिथिलामा फागुन कृष्ण द्वादशीदेखि चतुर्दशीसम्म महाशिवरात्रि मेला आयोजना गरिने परम्परा छ ।

जलेश्वर-५ स्थित श्रीजलेश्वरनाथ जलभित्र समाधि लगाएर विराजमान शिवलिंग आदिकालमा भगवान शंकर आफैंले स्थापित गरेको विश्वास गरिन्छ । 'जलेश्वरो महालिंगो स्थापित श्रीशिवं स्वयं' शिवपुराणमा वर्णित यो पंक्तिले नै श्री जलेश्वरनाथ अनादिकालमै स्थापना भएको शिवलिंग मानिएको जलेश्वर-५ का बासिन्दा पूर्वीय दर्शन तथा साहित्यका अध्येता ध्रुव राय बताउँछन् ।

त्यसैगरी चुरे पर्वत श्रेणीको थुम्कोमा अवस्थित श्रीटुटेश्वरनाथ, रातु र बडहरी नदीको संगमस्थित श्री सिद्धनाथ र श्री मंगलनाथ पनि अनादिकालमा स्थापित शिवलिंग रहेका यहाँ विश्वास गरिन्छ । यसका अतिरिक्त बर्दिबास-३ राईमण्डल धार्मिक क्षेत्र अवस्थित श्री इन्द्रेश्वर महादेवको शिवलिंग अघि सत्ययुगमा स्वर्गका राजा इन्द्रले दानवसँगको युद्धमा विजयी बन्ने वरदानका लागि शिवको तपस्या गरेका स्थान मानिन्छ ।

यी शिवालयमा प्रत्येक वर्षको फागुन कृष्णपक्षको महाशिवरात्रि पर्व र साउन महिनाभरि लाग्ने साउने 'बोलबम' मेला खास अवसरका उत्सव मानिन्छन् । अहिले महाशिवरात्रि नजिकिँदै गर्दा शिवालयको रङरोगन र साजसज्जा युद्धस्तरमा गरिँदै छ ।

यी शिवालयमा दुवै पर्व विशेषमा बर्सेनि मधेसका सबैजसो जिल्ला र छिमेकको भारतबाट लाखौंको संख्यामा श्रद्धालु भक्तजन भगवान् शंकरलाई गाईको दूध, पवित्र नदी वा तलाउको जल, बेलपत्र र श्रीशिवका प्रिय मानिने धतुरोसहितका फल चढाउन पुग्ने गर्छन् । पर्वको यो अवसरमा आउने भक्तजनको आवास, भोजन र दर्शनको चाँजो मिलाउनसँगै शिवालयको रङरोगन, साजसज्जाका काम र मेलाका अन्य व्यवस्थापनका काममा स्वयंसेवक खटिरहेका छन् ।

महाशिवरात्रि पर्वमा शिवको दर्शन र आराधनाका लागि आउने भक्तजनलाई साँच्चै शिवधाम आइएछ भन्ने अनुभूति दिनेगरी अहिले तयारीका काममा लागिएको श्रीजलेश्वरनाथ महाशिवरात्रि मेला व्यवस्थापन समिति-२०७९ का अध्यक्ष रञ्जितकुमार चौधरी बताउँछन् । अहिले शिवालयको समुचित पर्व व्यवस्थापनमा सम्बद्ध स्थानीय तहले हरेक तरिकाले सहयोग गरेका शिवालयका महाशिवरात्रि मेला व्यवस्थापन समितिले जनाएका छन् ।

मिथिलामा महाशिवरात्रि पर्व सम्पन्न गरिएलगत्तै सुरु हुने फागुन शुक्लपक्षभरि मिथिला माध्यमिकी परिक्रमाको उत्सव मनाइन्छ । फागुन औंसीकै दिन प्रारम्भ भएर फागुन शुक्लपक्षभरि हुने मिथिला माध्यमिकी परिक्रमामा महोत्तरी, धनुषा र छिमेकी मित्रराष्ट्र भारतको मधुवनी जिल्लासहितमा १३० किलोमिटर वृत्तभित्र १५ ठाउँमा रात्रिवास गरेर रामसीताका भजन गाउँदै मिथिला माध्यमिकी परिक्रमा सम्पन्न गरिने पुरानो परम्परा रहँदै आएको छ ।

अवधकिशोर (श्रीराम) र किशोरीजी (सीताजी) का प्रतीमा राखिएका डोला अघि लगाएर १५ दिन मिथिला क्षेत्रभित्रका तीर्थस्थलको दर्शन गर्दै नांगा खुट्टाले पैदल हिँडेर गरिने यो यात्रा मिथिलाको महाकुम्भ मानिन्छ । फागुन पूर्णिमाका दिन यो यात्रा सम्पन्न गरेसँगै होलीका दहनको धुरा उडाएर (होलिका राक्षसीको आकृति डढाएर त्यसको खरानी उडाइने चलन) त्यसको भोलिपल्ट हिन्दू धर्मावलम्बीले फागु अर्थात् होली पर्व मनाउने छन् ।

मिथिला माध्यमिकी परिक्रमामा महोत्तरीका मटिहानी, जलेश्वर, मडै, ध्रुवकुण्ड र कञ्चनवनसहित पाँच वटा रात्रि विश्रामस्थल रहँदै आएका छन् । त्यसैगरी धनुषामा छ रात्रि विश्राम र भारतको मधुवनी जिल्लामा चार रात्रि विश्रामको परम्परा रहँदै आएको छ ।

नेपाल र भारतका हजारौं साधुसन्त सहभागी हुने यो मिथिलाको महाकुम्भमा परिक्रमाका यात्रीको बासस्थान, प्राथमिक उपचार, भोजन र आपत्कालीन सेवाका लागि रात्रि विश्रामस्थल रहेका ठाउँमा मठमन्दिर व्यवस्थापन, सामाजिक संघसंस्था, स्थानीय तह र व्यक्तिले स्वेच्छिक प्रबन्ध गर्ने गरेका छन् । माध्यमिकी परिक्रमाको संयोजन पछिल्ला दुई दशकयता विभिन्न मठमन्दिर व्यवस्थापनको समन्वयमा बृहत्तर जनकपुर क्षेत्र विकास कोष (परिषद्) ले गर्दै आएको छ । *रासस*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WHITE LADIES BEAUTY SALON COMPANY

पुर्व स्वीकृति मिति २०७९/०७/१४ | पुनः स्वीकृति मिति २०७९/११/०१ | LT No : 274339 | चलानी नं. ६०१९०२३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 5 | 150 | ६४,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

# प्रभाव दैनिक

रूपशाला

मंगलबार, २ फागुन २०७९ (Tuesday, February 14, 2023)


## विवादमा एलिना

चर्चित गायिका एलिना चौहान यतिबेला फेरि चर्चामा छाएकी छन् । अहिलेको चर्चाको विषय कुनै गीत संगीत नभएर एक अन्तर्वार्ता भएको छ । आइतबार टेलिभिजन कार्यक्रम 'द प्रकाश सुवेदी शो' मा अतिथिको रूपमा सहभागी उनलाई कार्यक्रमका होस्ट प्रकाश सुवेदीले रवि लामिछानेको फोटो देखाएर कुन रूपमा चिन्नुहुन्छ भनेर प्रश्न गरेका थिए । जवाफमा उनले व्यक्ति रवि लामिछाने भए पनि  कुनै पनि रूपमा नचिन्ने बताएकी थिइन् ।



# बहाव चैत २४ मा




**काठमाडौं (प्रस)–** अभिनेत्री सुरक्षा पन्त र अभिनेता कमलमणि नेपाल स्टारर फिल्म 'बहाव'को फस्टलुक सार्वजनिक भएको छ । स्वर्णिम इन्टरटेनमेन्ट र योङ स्टार सिनेमाको प्रस्तुती रहेको फिल्म आगामी चैत २४ गतेबाट रिलिज हुँदैछ। प्रमोद कँडेलको लेखन र निर्देशन रहेको फिल्मको फस्टलुकमा अभिनेत्री सुरक्षाले सुँगासहितको पिँजडालाई हातमा लिएर उभिएकी छन् । पोस्टरमा सुरक्षाले पृष्ठभूमिमा देखिएको ऐनामा नहेरी हातमा रहेको पिँजडाभित्रको सुँगामा आफ्नो प्रतिबिम्ब खोजिरहेको देख्न सकिन्छ । फिल्मको विषयवस्तु 'जिज्ञासा, विचार अनि यथार्थको कथा' मा आधारित छ ।

निर्देशक कँडेलले 'बहाव' नयाँ चिजको खोजीमा भइरहेको अवस्थाको विद्रोह रहेको बताए। उनले सुरक्षामार्फत फिल्मको थिमलाई प्रस्तुत गरिएको खुलाए । अभिनेत्री सुरक्षाले जिज्ञासाका साथ जीवन जिउने व्यक्ति विभिन्न उतारचढावका परिस्थितिहरूबाट गुज्रिएको अवस्थामा त्यसबाट अघि बढ्दा आउने हलचललाई कसरी सन्तुलित रूपमा अगाडि बढाउन सकिन्छ भन्ने कथा देखाइएको बताइन् । फिल्मका निर्माता श्रीधर पौडेल हुन्। उनले यसअघि नेपाल सरकारबाट 'राष्ट्रिय अवार्ड' प्राप्त फिल्म 'गोपी' निर्माण गरेका थिए । पौडेलले आफ्नो स्वन्त्रता आफैमा कैद गर्नेहरूका लागि मार्गप्रशस्त गर्ने कथा 'बहाव'मा रहेको जनाए ।

फिल्ममा सुरक्षासँगै कमलमणि नेपाल, अफरान अली, सुर्य शर्मा भट्ट, इश्वरी सिंह, हीरालाल कँडेल र पवन श्रेष्ठको अभिनय छ । सुजन बडालको सम्पादन, वसन्त सापकोटा, सुशान्त गौतम र रिकेश गुरुङको सङ्गीत रहेको फिल्ममा सज्जा चौलागाईंको स्वर, अनन्त घिमिरेको कलर करेक्सन, मुकेश शाहको साउण्ड डिजाइन र मिक्सिङ र कार्तिकेय स्मिता कर्नाटकको छायाङ्कन छ ।

फिल्ममा निगम श्रेष्ठको प्रोडक्सन डिजाइन, भारद्वाजसिंह माहिदाको फस्ट युनिट डिरेक्सन, विकास ठाकुरको स्टोरी एडिटर, प्रतीक श्रीवास्तवको स्टोरी डेभलपमेन्ट एण्ड आर्ट डिरेक्सन, सम्राट खनालको साउण्ड रेकर्ड, सीमा गुरुङको मेकअप, रञ्जीत क्षेत्रीको कस्ट्युम, सनीष सचुको पोस्टर डिजाइन, सुदीप दवाडीको मार्केटिङ स्ट्राटेजी, निर्वाना फिल्म स्कुलको प्रोडक्सन मेनेजमेन्ट र सिने जोनको पोस्ट प्रोडक्सन मेनेजमेन्ट छ। फिल्मलाई आरआर फिल्मस्ले वितरण गर्दै छ।

# स्रस्टाको नि:शुल्क स्वास्थ्य बिमा

■ प्रभाव संवाददाता

**पोखरा–** गण्डकी प्रज्ञा प्रतिष्ठानले कला, साहित्य र संस्कृतिको उत्थानमा सक्रिय स्रस्टाको नि:शुल्क स्वास्थ्य बिमा गर्ने भएको छ । यसका लागि स्रस्टाको पहिचान र नामावली संकलन भइरहेको प्रतिष्ठानले जनाएको छ ।

प्रतिष्ठानका कुलपति सूर्य खड्का 'विखर्ची'का अनुसार यस वर्ष दुई सय जना कवि, कलाकारको नि:शुल्क स्वास्थ्य बिमा गरिनेछ । 'दीर्घरोगी, न्यून आय भएका र जीवनभर सिर्जनाकर्ममा लागेकालाई लक्ष्य गरी स्वास्थ्य बिमा कार्यक्रम ल्याएका हौं,' उनले भने, 'प्रदेशका ११ वटै जिल्लाका स्रस्टालाई यसमा समेट्छौं ।'

प्रतिष्ठानले स्वास्थ्य बिमामा आबद्ध हुन इच्छुक स्रस्टालाई आवेदनका लागि सार्वजनिक रूपमा सूचितसमेत गरेको छ। स्रस्टाको छनोट प्रतिष्ठानले बनाएको कार्यविधिअनुसार हुने कुलपति खड्काले बताए ।

सरकारले सञ्चालन गरिरहेको स्वास्थ्य बिमा कार्यक्रमको ढाँचा र मापदण्डअनुसार नै स्रस्टाको बिमा गर्न लागिएको हो । प्रतिष्ठानले बिमा गर्दा लाग्ने प्रतिव्यक्ति शुल्क रु तीन हजार पाँच




सय स्वास्थ्य बिमा बोर्डलाई तिर्नेछ । सोबापत पाँच जनासम्मको परिवारले वार्षिक रु एक लाखसम्मको उपचार सेवा पाउनेछन् ।

पाँच जनाभन्दा बढीको परिवार भएमा प्रतिसदस्य रु सात सय थप्नुपर्ने प्रावधान छ। ठूलो परिवारले रु दुई लाखसम्मको उपचार सेवा पाउने बोर्डको भनाइ छ। बोर्डले तोकेका एक हजार एक सय सय ३३ प्रकारका औषधि, शल्यक्रियासहित जटिल रोगको जाँच तथा उपचार सेवा पनि बिमाबाट हुने गरेको छ ।

प्रतिष्ठानका उपकुलपति गोरे गुरुङले भाषा, साहित्य, संगीत, नाट्य, चित्रकला, मूर्तिकलाजस्ता क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका स्रस्टाको स्वास्थ्य बिमा गरिने उल्लेख गरे । 'बिमाको प्रक्रिया अगाडि बढिसकेको छ, आवश्यकताका आधारमा स्रस्टाले यो सुविधा पाउनुहुन्छ,' उनले भने, 'यो कार्यक्रमको निरन्तरताका लागि बजेट थप्न सरकारसँग माग गरेका छौं ।' स्रस्टाको सम्मानसँगै दु:खसुखमा साथ दिने राज्यको संस्था छ भनेर अनुभूति दिलाउन स्वास्थ्य बिमा कार्यक्रम ल्याइएको उपकुलपति गुरुङले बताए । सुरुआतमा थोरै सफ्यामा स्रस्टाको बिमा गरिन लागिए पनि यसबाट सकारात्मक सन्देश प्रवाह हुने प्रतिष्ठानका पदाधिकारीको बुझाइ छ ।

धौलागिरि साहित्य प्रतिष्ठानका अध्यक्ष काजी रोशनले स्वास्थ्य बिमा कार्यक्रमबाट आर्थिक समस्या झेलिरहेका कवि, लेखकलाई बढी लाभ पुग्ने बताए । 'जिल्ला तहमा पनि धेरैले बिमाबारे चासो लिनुभएको छ, मापदण्ड बनाएर यसलाई छिटो लागू गर्नुपर्छ,' उनले भने ।

प्रतिष्ठानले 'गण्डकी प्रतिभा उपचार कोष'को अवधारणा पनि अघि सारेको छ । उपचार पाउनबाट कोही पनि स्रस्टा, सर्जकले वञ्चित हुन नपरोस् भनेर कोष स्थापनाको योजना ल्याइएको कुलपति खड्काले बताए । गत वर्ष स्थापना भएको प्रतिष्ठान भाषा, साहित्य, कला र संस्कृतिको जर्गेनामा क्रियाशील छ ।

# पाँच देशका कलाकर्मीको प्रदर्शनी

**काठमाडौं (प्रस)–** विसं २०७२ पछि देखि नै सुस्ताएको कला क्षेत्रको प्रवर्द्धनका लागि पाँच देशका कलाकर्मीले नेपाल कला परिषद्को बबरमहलस्थित ग्यालरीमा तीन दिने प्रदर्शनी गरेका छन् ।

बेलायतको आर्ट भेन्ट, बंगलादेशको जोब्रा द आर्ट भिलेज, नेपालका आर्ट बुम र साफा मध्यस्तरको आयोजनामा शनिबारदेखि सुरु भएको कला प्रदर्शनीमा २९ जना कलाकारका ६१ कलाकृति प्रदर्शनीमा राखिएको छ । प्रदर्शनीमा संस्कृति, प्रकृतिलगायत विषयका कलाकृति राखिएको छ।

बंगलादेशका रोहित सिंहुल मुख्य संयोजक र नेपालका किशोर नकर्मी एवं रत्न शाक्य संयोजक भएर गरिएको कार्यक्रम नेपालमा पहिलोपटक भएको हो। यही कलाकृतिलाई भारत, बंगलादेश, बेलायत र फ्रान्समा पनि प्रदर्शनीमा राखिने योजना रहेको आयोजक समितिका सदस्य कलाकार विपना महर्जनले राससलाई जानकारी दिए ।

पाँच देशमा गरिने प्रदर्शनीले देश, देशबीचको सम्बन्धमा सुमधुरता स्थापना गर्नुका साथै कोरोना महामारीपछि सुस्ताएको कला क्षेत्रलाई पुन:जीवन दिने आशा गरिएको छ । नेपालमा कलाकृति धेरै किन्ने विदेशीले नै हो । विसं २०७२ को भूकम्पपछि देखि नै पर्यटकको आगमनमा न्यूनता आएका कारण यो क्षेत्रमा समस्या देखिएको हो । कलाकृति बिक्रीमा कमी आएपछि कलाकार विद्यालय एवं महाविद्यालयमा अध्यापन गरेर जीवनयापन गर्न बाध्य भएका हुन् । पछिल्लो समय प्रविधिमा भएको विकासले पनि प्रदर्शनीमा भने कमै मानिस आउने गरेको संयोजक नकर्मीको भनाइ छ। अनलाइनका माध्यमबाट कलाकृति हेरेर अनलाइनबाट खरिद गर्ने स्वदेशी एवं विदेशीको संख्या पनि बढ्न थालेको छ ।



# एलपिएल : सेमिफाइनल समीकरण पूरा




■ प्रभाव संवाददाता

**धनगढी–** कैलालीका धनगढीमा जारी विद्यालयस्तरीय यु-१९ राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिता लिटल फ्लावर प्रिमियर लिग (एलपिएल) को अन्तिम चारमा पुग्ने टिमको टुंगो लागेको छ ।

सोमबार कैलालीको बौनियामा रहेको नव बालबाटिका विद्या मन्दिरले अत्तरियाको गुराँस एकेडेमीलाई पराजित गरेसँगै एलपिएलको अन्तिम चारमा पुग्ने ४ टोलीको टुंगो लागेको हो । जारी संस्करणमा अपराजित रहेको डिफेन्डिङ च्याम्पियन सत्यवती एकेडेमी, लोटस आई स्कुल अत्तरिया र लिटल फ्लावर बोर्डिङ हाई स्कुल धनगढी यस अघि नै अन्तिम चारमा पुगिसेका टोली हुन् ।

सोमबार अन्तिम चारका लागि भएको निर्णायक खेलमा नव बाल बालबाटिकाले गुराँस एकेडेमीलाई ७३ रनले पराजित गर्दै सेमिफाइनलको यात्रा पक्का गरेको हो ।

धनगढी स्थित फाप्ला क्रिकेट मैदानमा टस जितेर ब्याटिङ थालेको बालबाटिकाले २० ओभर खेल्दै ७ विकेट गुमाएर १ सय ४१ रन बनायो। १ सय ४२ रनको विजयी लक्ष्य पछ्याएको गुराँसले १४.१ ओभरमा आफ्ना सबै विकेट गुमाएर ६८ रन मात्रै बनाउन सक्यो ।

उसका सचिन साउदले २० रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। नव बाल बाटिकाका बलर नर बहादुर सार्कीले ह्याट्रिक सहित ४ विकेट लिए। उनले इनिङ्सको तेह्रौं ओभरको पहिलो, दोस्रो र तेस्रो बलमा लगातार विकेट लिँदै ह्याट्रिक पुरा गरेका थिए। गजेन्द्र बोहराले ३ तथा प्रकाश जैसीले २ विकेट लिए ।

त्यस अघि बालबाटिकालाई प्रवेश साउद र विराट सिंह भण्डारीले समान २९ रनको योगदान दिए। प्रकाश जैसीले २५ तथा गजेन्द्र बोहराले २० रन बनाए । गुराँसको बलिङमा सचिन साउदले ३ तथा प्रकाश रोकायाले २ विकेट लिए। दोस्रो खेलमा वेष्टन क्रिष्टलले होली फेमिली माथि सान्त्वना जित निकालेको छ।

टस जिते ब्याटिङ गरेको होली फेमिलीले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १ सय ३२ रन बनाएको थियो । १ सय ३३ रनको विजयी लक्ष्य पछ्याएको वेष्टन क्रिष्टलले १९.२ ओभरमा ५ विकेट गुमाएर लक्ष्य भेटायो । उसका हृतिक थापाले ४२ र आशिष् तिरुवाले ३६ तथा नीरज ऐरले अविजित २४ रन बनाए। बलिङ तर्फ होली फेमिलीका राहुल भण्डारीले २ विकेट लिए।

त्यस अघि होली फेमिलीको इनिङमा कैलाश क्षेत्रीले ३९ र अभिषेक बुढाले २८ तथा मनोज खड्काले २७ रन बनाए । बलिङ तर्फ वेष्टनका रोशन थापा र सुधांशु रावलले समान २/२ विकेट लिए। दुवै टोली प्रतियोगिताबाट भने बाहिरी सकेका छन् ।

# नेपाली राष्ट्रिय भलिबल टिमको मुख्य प्रशिक्षकमा जान डी

■ प्रभाव संवाददाता




**काठमाडौं–** बेल्जियमका जान जोसे डी ब्रान्ट नेपाली राष्ट्रिय भलिबल टिमका मुख्य प्रशिक्षक नियुक्त भएका छन्। नेपाल भलिबल संघका महसचिव रोशन श्रेष्ठले बेल्जियमका प्रशिक्षक जान डीलाई राष्ट्रिय भलिबल टिमको मुख्य प्रशिक्षक नियुक्त गरिएको जानकारी दिए ।

बेल्जियम प्रशिक्षक जान डीलाई ६ महिनाको लागि राष्ट्रिय टिमको मुख्य प्रशिक्षक नियुक्त गरिएको हो । उनले नेपालको महिला र पुरुष दुबै टोली हेर्ने छन् । 'हामीले बेल्जियममा जान डीलाई मुख्य प्रशिक्षक नियुक्त गरेका छौं । ६ महिनाका लागि सम्झौता भईसकेको छ । उहाले महिला र पुरुष दुबै टोली हेर्नुहुन्छ। नेपालका प्रशिक्षकहरूलाई समेत प्रशिक्षण दिनेछन्,' महासचिव श्रेष्ठले खेलपाटीसँग भने ।

महासचिव श्रेष्ठले प्रशिक्षक जान डी आगामी मार्च पहिलो हप्ता नेपाल आईपुग्ने जानकारी दिए । उनी अगस्टसम्म नेपालमा रहने छन् ।

अन्तराष्ट्रिय भलिबल महासंघ (एफआईभीभी) को सहयोगमा जान डी नेपाल आउन लागेका हुन् ।

'एफआईभीभीको सहयोगमा हामीले उँहालाई प्रशिक्षक नियुक्त गरेका हौं । खान र बस्नलाई राखेपले सहयोग गर्नेछ । यातायात लगायतको सुविधा भलिबल संघबाट हुन्छ ,' श्रेष्ठले थपे । ६४ वर्षीय प्रशिक्षक जान डी निकै अनुभवी प्रशिक्षक हुन् । बेल्जियमका पूर्व राष्ट्रिय खेलाडी समेत रहेका जान डीले बेल्जियम र हंगेरीको राष्ट्रिय महिला टिम हेरिसकेका छन् । महासचिव श्रेष्ठले नेदरल्याण्ड्सका प्रशिक्षक हान एबिङ पनि नेपाल आउने जानकारी दिए ।

महासचिव श्रेष्ठका अनुसार एसियन गेम्सको ४५ दिन अघि नेपाली टोलीलाई प्रशिक्षण दिन डच प्रशिक्षक एबिङ नेपाल आउने छन्। चीनमा आयोजना हुने एसियन गेम्समा नेपालको महिला र पुरुष भलिबल टोलीले सहभागिता जनाउँदै छ ।

### बन्द प्रशिक्षण बिहीबारबाट

नेपाली राष्ट्रिय महिला भलिबल टिमको बन्द प्रशिक्षण यसै साताबाट सुरु हुने भएको छ । नेपाल भलिबल संघले महिला टिमको प्रशिक्षण फागुन ४ गतेबाट सुरु हुने जनाएको छ । भलिबल संघका महासचिव रोशन श्रेष्ठले नेपालमा आयोजना हुने काभा महिला सेन्ट्रल जोन भलिबलका लागि टिमको प्रशिक्षण सुरु गर्न लागिएको जानकारी दिए । दसरथ रंगशालाको कभर्ड हलमा हुने बन्द प्रशिक्षणमा १८ देखि २१ खेलाडी राखिने संघका महासचिव श्रेष्ठले जानकारी दिए ।

'आगामी मे महिनामा नेपालमा आयोजना हुने काभा महिला भलिबल प्रतियोगिताका लागि टिमको तयारी गर्न फागुन ४ गतेबाट महिला टिमको प्रशिक्षण सुरु हुनेछ,' महासचिव श्रेष्ठले भने, '१८ देखि २१ खेलाडी राखेर तयारी गर्नेछौं ।'

प्रतियोगिता आगामी मे २० देखि ३० भित्र आयोजना हुने महसचिव श्रेष्ठले जानकारी गराए । प्रतियोगितामा नेपालसहित १० टिमको सहभागिता रहने श्रेष्ठले जानकारी दिए । महिला टोलीलाई सुरुआतमा नेपालकै प्रशिक्षकले प्रशिक्षण गराउने छन् ।

बेल्जियमका नवनियुक्त मुख्य प्रशिक्षक जान जोसे डी ब्रान्ट नेपाल आएपछि महिला टोलीले उनको नेतृत्वमा तयारी गर्नेछ । जान डी आगामी मार्च पहिलो साता नेपाल आइपुग्ने छन् ।

# उद्घाटन खेलमा भद्रपुर र जयगाउँ एफसी भिड्ने

■ प्रभाव संवाददाता

**इलाम–** भद्रपुर झापा गोल्ड कप २०७९ को उद्घाटन खेलमा घरेलु टोली भद्रपुर ब्लेजर्सले पाहुना जयगाउँ फुटबल क्लब भारतसंग प्रतिस्पर्धा गर्ने भएको छ ।

फागुन ७ गतेदेखि मेची रंगशाला हुने प्रतियोगिताको सोमबार खेल तालिका सार्वजनिक गरिएको हो ।

नेकपा एमालेका अध्यक्ष एवम पुर्व प्रधानमन्त्री केपी शर्मा ओली र आयोजक समितिका अध्यक्ष दिपेश ढकालले संयुक्त रूपमा खेल तालिका सार्वजनिक गरेका हुन् ।



प्रतियोगितामा ६ वटा ए डिभिजन क्लब सहित भारत, बंगलादेश र भुटानका १/१ टोलीको सहभागिता रहेको छ ।

फागुन १६ गतेसम्म चल्ने प्रतियोगितामा ए डिभिजन टोली संकटा एफसी, विभागीय टोली त्रिभुवन आर्मी, नेपाल पुलिस र एपिएफ क्लबको सहभागिता रहेको छ । त्यसैगरी मछिन्द्र क्लब र नवप्रवेशी ए डिभिजन टोली चर्च ब्वाइज युनाइटेड सहभागी छ ।

पाहुना टोलीको रूपमा भारतको जयगाउँ फुटबल क्लब, भुटानको डुक ल्यायुल एफसी र बंगलादेशको काउवार्न बजार प्रगती संघ सहभागी छन् ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई नगद एक लाख, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फरवार्ड, उत्कृष्ट प्रशिक्षक, सर्वाधिक गोलकर्ता र फाइनल खेलको पहिलो गोलकर्तालाई नगद २५ हजार प्रदान गरिनेछ । प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई नगद २० हजार रूपैयाँ दिइनेछ ।

# टर्की र सिरिया भूकम्पको एक हप्तापछि २ जनाको चमत्कारिक उद्धार



**कहरामनमारास, टर्की–** टर्की र सिरियामा भूकम्प गएको एक सातापछि भग्नावशेषभित्र पुरिएको अवस्थामा टर्कीमा थप दुई व्यक्तिलाई सकुशल उद्धार गर्न सफल भएका छन् । भूकम्पमा परी टर्की र सिरियामा गरी ३४ हजारभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ । उद्धार कार्य जारी रहेको छ भने भूकम्पका कारण मृत्यु हुनेको संख्या अझै हजारौं रहेको हुनसक्ने अनुमान गरिएको छ ।

गत सोमबारको विनासकारी भूकम्पपछि भत्किएका भवनको भग्नावशेषमा करिब सात दिनसम्म फसेका एक बालक र ६२ वर्षीया महिलालाई चमत्कारिक रूपमा उद्धार गरिएको हो । सात वर्षीय मुस्तफालाई दक्षिणपूर्वी टर्कीको हताय प्रान्तबाट उद्धार गरिएको छ भने नाफिज यिल्माजलाई नुर्डागीबाट उद्धार गरिएको छ । दुवै जना १६३ घण्टासम्म भग्नावशेषमा फसेका थिए ।

टर्कीको विपद् व्यवस्थापन निकायका अनुसार टर्कीका ३२ हजारभन्दा बढी व्यक्ति खोजी तथा उद्धारकार्यमा जुटेका छन् भने आठ हजार २९४ जना अन्तर्राष्ट्रिय उद्धारकर्ताले पनि उद्धार गरिरहेका छन् । बेलायती खोजी टोलीका एक सदस्यले आइतबार ट्वीटरमार्फत् पोस्ट गरेको भिडियोमा एक उद्धारकर्ताले भग्नावशेषबाट बनेको सुरुङबाट तल झरेर हातायमा भग्नावशेषमा रहेका टर्कीका एक व्यक्तिलाई उद्धार गरिएको देखिन्छ ।

खोज टोलीहरू समय बित्दै जाँदा हराइरहेका थप व्यक्तिहरूको उद्धारमा खटिरहेका छन् । विशेषज्ञहरूले भग्नावशेषमा जीवित व्यक्तिहरू फेला पार्ने आशा प्रत्येक दिन धुमिल बन्दै गएको बताएका छन् । उद्धार टोलीहरूले सेन्सर र उन्नत खोजी उपकरणहरूको अभावमा काम गरिरहेको र यसले उद्धारमा ढिलाइ भएको बताएका छन् ।

उद्धारकर्ताहरूले सावधानीपूर्वक बेल्चा तथा अन्य हाते उपकरण भग्नावशेषलाई खन्न र अवरोध हटाउन बाध्य भएको बताएका छन् । उत्तरपश्चिम सिरियाको जाबलेहका नागरिक सुरक्षा प्रमुख अला मौबाराकले भने, 'यदि हामीसँग आधुनिक उपकरण भएको भए हामी सयौंको ज्यान बचाउनसक्थ्यौं ।'

### मृत्यु हुनेको संख्या ३५ हजार नाघ्यो

टर्की र सिरियामा गएको विनासकारी भूकम्पमा परी मृत्यु हुनेको संख्या ३५ हजारभन्दा बढी पुगेको छ । स्थानीय खोज तथा उद्धार टोलीले सोमबार दिएको जानकारीअनुसार गत सोमबार गएको ७.८ म्याग्निच्यूडको भूकम्पमा परी टर्कीमा ३१ हजार ६४३ र सिरियामा तीन हजार ५८१ जनाको मृत्यु भएको छ ।

अझै पनि दुवै देशमा उद्धार कार्य जारी रहेको अधिकारीहरूले बताएका छन् । भूकम्पपछि आएको हिमआँधीका कारण उद्धार कार्यमा कठिनाइ हुँदा भूकम्पमा भग्नावशेषमा पुरिएका व्यक्तिलाई उद्धार गने कामममा कठिनाइ भइरहेको उद्धारकर्मीले बताएका छन् ।

भूकम्पमा परेकाहरूको उद्धारका लागि विभिन्न मुलुकहरूबाट आधुनिक उपकरणसहितका टोली टर्की र सिरियामा पुगेका छन् । उनीहरूले अझै पनि भग्नावशेषमा मानिसहरू जीवित रहेको हुनसक्ने भन्दै खोजीलाई तीव्र बनाइरहेका छन् ।

सिरियामा टर्की निकट मानिने सीमा क्षेत्रमा विदेशी उपकरण आयात तथा प्रयोगमा लगाइएको प्रतिबन्धका कारण यहाँ स्थानीय स्रोत र साधनको प्रयोग गरी उद्धार कार्य जारी राखिएको छ ।

*रासस/सिन्हवा/एएफपी*

## 'हजारौं शरणार्थीलाई अस्ट्रेलियाको आवासीय अनुमति'

**क्यानबेरा–** अस्ट्रेलियाले हजारौं शरणार्थीलाई आवासीय अनुमति दिने भएको छ । अस्ट्रेलियाका अध्यागमनमन्त्री एन्ड्र्यु जाइल्सले केही अस्थायी भिसाधारीका लागि स्थायी भिसाको लागि मार्ग प्रशस्त गर्ने आफ्नो चुनावी प्रतिबद्धता पूरा गर्न लागेको सोमबार घोषणा गरेका हुन् ।

जाइल्सले लेबर सरकारको चुनावी प्रतिबद्धता पूरा गर्दै सन् २०१३ भन्दा अघि डुंगाबाट अस्ट्रेलिया आएका करिब १९ हजार शरणार्थीलाई दुई प्रकारका अस्थायी भिसामा स्थायी बसोबासका लागि निवेदन दिन अनुमति दिइने बताएका हुन् ।

यो प्रावधानले शरणार्थीहरूलाई सामाजिक सुरक्षा, सार्वभौमिक स्वास्थ्य सेवा, राष्ट्रिय अशक्तता बिमा योजना, उच्च शिक्षा ऋणमा पहुँच प्रदान गर्दछ र नागरिकताको लागि मार्ग प्रशस्त गर्छ । यसले उनीहरूलाई अस्ट्रेलियामा तत्काल परिवार ल्याउन अनुमति दिन्छ । यस कदमको घोषणा गर्दै जाइल्सले काम गर्ने, कर तिर्ने, व्यवसाय सञ्चालन गर्ने र अस्ट्रेलियालीहरूलाई उनीहरूको भिसा स्थितिका कारण अलपत्र राख्नुको कुनै अर्थ नभएको बताए ।

'स्थायी भिसा नभएका कारण उनीहरूले घर किन्न, व्यवसाय गर्न वा थप शिक्षा हासिल गर्न ऋण पाउन सकेका छैनन्,' उनले भने, 'आर्थिक वा सामाजिकरूपमा उनीहरूलाई अलपत्र राख्नुको कुनै अर्थ छैन । शरण खोज्ने डुंगाहरूको आगमन रोक्ने उद्देश्यले सीमा सुरक्षा अभियान, (अप्रेसन सोभर्न बोर्डर्स) सुरु हुनुभन्दा पहिले अस्ट्रेलिया पुगेकाहरू मात्र बसोबासका लागि योग्य हुने छन् ।'

*रासस/सिन्हवा*

## आँधीका कारण न्युजिल्याण्डमा विद्युत् र उडान अवरुद्ध

**वेलिंगटन–** न्युजिल्याण्डको उत्तरी भागमा आएको उष्णकटिबन्धीय आँधीका कारण सोमबार हजारौं घरहरू विद्युतविहीन हुनुका साथै उडानहरू अवरुद्ध भएका छन् । आपत्कालीन व्यवस्थापनमन्त्री किरन म्याकएनल्टीले तीव्र हावा र भारी वर्षाको 'अत्यधिक खतरनाक' संयोजनको कारण देशले व्यापक क्षति व्यहोर्नुपरेको छ ।

आँधीको अवस्था सुरुमाभन्दा कमजोर भए पनि यसले सहर तथा ग्रामीण क्षेत्रमा व्यापक रूखहरू ढालेको छ, सडकहरूमा क्षति पुऱ्याएको छ र विद्युत् लाइन अवरूद्ध भएका छन् । अकल्याण्डसहित उत्तरी पाँच क्षेत्रमा आपत्कालीन अवस्था घोषणा गरिएको छ । न्युजिल्याण्डको नर्थ आइल्याण्डमा करिब ५८ हजार मानिस विद्युत्विहीन भएका छन् । अधिकारीहरूले यो सञ्जाल पुनःस्थापित गर्न केही दिन लाग्न सक्ने बताएका छन् ।

म्याकएनल्टीले भने, 'जबसम्म मौसम खराब रहन्छ, तबसम्म नेटवर्कमा काम गर्न वास्तवमा असुरक्षित छ ।' न्युजिल्याण्डको सबैभन्दा ठूलो सहरमा गत महिना आएको बाढीका कारण चार जनाको मृत्यु हुनुका साथै हजारौं मानिस विस्थापित बनेका थिए । उक्त क्षतिको घाउ नमेटिँदै यो अर्को प्राकृतिक विपत्ति आएको छ ।

नर्थल्याण्ड क्षेत्रमा १४० किलोमिटर प्रतिघण्टाको रफ्तारमा आएको हावाहुरीले क्षति पुऱ्याएको थियो भने अकल्याण्ड हार्बर ब्रिजमा ११० किलोमिटर प्रतिघण्टाको वेगले आँधीले प्रवेश गरेको थियो । म्याकएनल्टीले भने, 'सरकारले देशको इतिहासमा तेस्रोपटक राष्ट्रिय आपत्कालीन अवस्था घोषणा गर्ने बताइरहेको छ । मेरो विचारमा आपत्कालीन अवस्थाको घोषणा गरिहाल्नु पर्दैन । किनकि आँधीको रफ्तार कमजोर भइसकेको छ ।'

मौसमले न्युजिल्याण्डको यातायात सञ्जाललाई पनि तहसनहस पारेको छ, उडान, रेल र बस तालिकाहरू सबै नराम्ररी प्रभावित भएका छन् । एयर न्युजिल्याण्डले हालसम्म ५०९ उडान रद्द गरेको तर मंगलबारदेखि सामान्य उडान सुरु हुने अपेक्षा गरिएको जनाएको छ । उक्त विमान सेवालेले १० हजारभन्दा अन्तर र्‍ाष्ट्रिय सेवाग्राहीहरू प्रभावित भएको र छ हजार ५०० लाई पुनः टिकट बुक गर्नु परेको बताएको छ । *रासस/एएफपी*

## महिलालाई अन्तरिक्षमा पठाउँदै साउदी अरब

**रियाद–** साउदी अरबले सन् २०२३ मा पहिलो साउदी महिला अन्तरिक्षयात्रीलाई अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रमा पठाउने योजनाको घोषणा गरेको छ । महिला अन्तरिक्षयात्री राययानाह बर्नावी र साउदी पुरुष अन्तरिक्षयात्री अली अल-कर्नीलाई एक्स-२ अन्तरिक्ष मिसनको चालक दलका सदस्यमध्ये अन्तरिक्षमा पठाइनेछ ।

उनीहरू अन्तरिक्षमा जाने पहिलो साउदी अन्तरिक्षयात्री पनि हुने छन् । यस कदमको उद्देश्य मानव अन्तरिक्ष उडानमा राष्ट्रिय क्षमता वृद्धि गर्नुका साथै स्वास्थ्य, स्थिरता र अन्तरिक्ष प्रविधिजस्ता क्षेत्रमा वैज्ञानिक अनुसन्धानमा योगदान पुऱ्याउनु भएको बताइएको छ ।

यो कदमलाई साउदी मानव अन्तरिक्ष उडान कार्यक्रमको एक भागको रूपमा लिइएको छ । यस कार्यक्रममा थप दुई पुरुष र महिला अन्तरिक्ष यात्रीहरूलाई सबै मिसन आवश्यकताहरूमा प्रशिक्षण दिनु पनि रहेको बताइएको छ । *रासस/सिन्हवा*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RADAR SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०८/०२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०१ | LT. No. 275775 | चलानी नं. ६०१९१७३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४५,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ९ गते (21st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nexus Human Resource Pvt. Ltd.** Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADDOHA POULTRY COMPANY

पुर्व स्वीकृति मिति:२०७९/04/२० | पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०१ | LT. No. 268712 | चलानी नं.६०१८४५६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Labor | 1 | 0 | 1100 | ३८,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ९ गते (21st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ARANIKO OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. 267/058/059
Kupondole (Opposite Hotel Himalaya)
Kathmandu, Nepal.Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : IFFCO (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०८/१९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०१ | LT. No. 277118 | चलानी नं. :६०१९२७८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 25 | 0 | 1500 | ४५,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ९ गते (21st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Shahi Global Careers Pvt. Ltd.** श्रम ईजाजत नं. १२९८/७४/७५
Satdobato Chowk-15, Lalitpur, Nepal, Phone No : 01-15151025
E-mail: Shahigcareers@gmail.com,www.shahicareers.com

## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AICHI COOPERATIVE LEAGUE OF COMMERCE AND INDUSTRY

पूर्व स्वीकृति मिति २०७९/११/०१ | LT. No.280918 | चलानी नं. ६०१९६४४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Excavator | 4 | 0 | 1,65,000 | १,६५,००० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ९ गते (21st Feb. 2023) मा हुनेछ ।

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.** श्रम ईजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242
E-mail :info@dninepal.com,Website:www.dninepal.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०४००० | प्रति तोला - १०३५०० | प्रति तोला - १२९५ |

## 'अर्थतन्त्रमा देखिएका संकटप्रति सचेत छौं'



■ प्रभाव संवाददाता

**कञ्चनपुर–** प्रधानमन्त्री पुष्पकमल दाहालले अर्थतन्त्रमा देखिएको संकटप्रति सरकार सचेत रहेको बताएका छन् । महेन्द्रनगरमा सुरु भएको कञ्चनपुर उद्योग वाणिज्य सङ्घद्वारा आयोजित सुदूरपश्चिम प्रदेशस्तरीय औद्योगिक व्यापार मेला तथा कञ्चनपुर पर्यटन महोत्सवको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले अर्थतन्त्र सुधारका लागि आफू प्रधानमन्त्री भएपछि विशेष ध्यान दिएको बताए ।

आफूले मन्त्रिपरिषद्को पहिलो बैठकमै सार्वजनिक तथा निजी क्षेत्रसित सहकार्यलाई प्रभावकारी तुल्याउने निर्णय गरे बमोजिम देशको अर्थतन्त्र अग्रसर रहेको उनले उल्लेख गरे । 'अर्थतन्त्रमा देखिएका समस्या हल गर्दै निजी क्षेत्रलाई सहज रूपमा लगानी तथा उद्योग, व्यापारको वातावरण बनाउनेतर्फ अगाडि बढेका छौं,' प्रधानमन्त्री दाहालले भने, ' अर्थतन्त्रमा सुधारका राम्रा संकेत देखिएका छन् ।' उनले राजस्व संकलन र विदेशी मुद्रा सञ्चयमा वृद्धि भएको बताउँदै यी सबै सकरात्मक संकेतका रूपमा लिएको धारणा राखे ।

'समग्रमा अर्थतन्त्रको संकट टरेको छैन,' उनले भने, 'अझै पनि नीतिगत र योजनागत क्षेत्रमा सुधार गर्नुपर्ने आश्वयकता छ, र सरकार सोही दिशातर्फ अग्रसर पनि छ ।' त्यसैगरी कञ्चनपुरको दोधारा चाँदनीमा निर्माण हुने सुक्खा बन्दरगाह भारतीय पक्षको प्रतिबद्धतापछि समझदारीपत्रमा हस्ताक्षर भएको र निर्माण प्रक्रिया अघि बढेको बताए ।

'सुक्खा बन्दरगाहको वातावरण प्रभाव मूल्यांकनको काम भई स्वीकृतीको चरणमा हुनुका साथै भारतसित 'एमओयु' हस्ताक्षरण गर्ने प्रक्रिया अघि बढेको छ,' उनले भने, 'निकट भविष्यमा कानुनी र प्रक्रिया सम्पन्न गरेर बन्दरगाह निर्माण द्रुत गतिमा हुनेछ ।' उनले सो विषय आफ्नो आसन्न भारत भ्रमणमा उच्च प्राथमिकताका साथ उल्लेख गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले बन्दरगाहको निर्माणमा नेपाल र भारतबीच द्विपक्षीय व्यापार तथा आफूले परिकल्पना गरेको त्रिदेशीय रणनीतिक साझेदारीमार्फत नेपालले लाभ लिने विषयमा समेत निर्णायक महत्व राख्ने विश्वास लिएको बताए । 'सुदूर विकास आयोगको गठनदेखि विश्वविद्यालयसम्म घोषणाको अवसर प्राप्त गरेँ,' दाहालले भने, 'गेटा मेडिकल कलेजलाई पहिलोपटक बजेट बिनियोजन गर्ने अवसर पाएँ, अहिले सम्पन्न हुन सक्ने आइसकेको छ ।' उनले सुक्खा बन्दरगाह निर्माणसँगै उत्तर चीनसित जोड्ने ढोकासमेत महाकाली करिडोरलाई अगाडि बढाइने बताए ।

'यसले सुदूरको आर्थिक विकासमा मात्रै प्रगती हुने छैन, सिंगो राष्ट्रको आर्थिक विकास निकै ठूलो योगदान हुनेछ,' उनले भने, 'सरकारले तयार गरेको एकीकृत कार्ययोजनामा सुदूरको समृद्धि, विकास अभियानका पनि समेटिएको छ ।' उनले यथास्थितीमा रुमलिने प्रवृतीको अन्त्य गर्नु आजको देशको आवश्यकता भएको बताए ।

'जनतामा देखिएको निराशालाई आशामा बदल्दै दृढ संकल्प र नेतृत्वप विकासको निम्ती आश्वयक छ,' उनले भने, 'नौ वटै जिल्लामा सञ्चालनमा रहेका आयोजना र सम्भाव्य आयोजनाका लागि बजेटमा कुनै कन्जुसाँइ हुने छैन ।'

प्रधानमन्त्री दाहाल महोत्सव उद्घाटनअघि सुक्खाबन्दरगाह निर्माणस्थल र महाकाली नदीमा निर्माणाधीन चार लेनको पक्की पुल योजनाको निरीक्षणसमेत गरेका थिए ।

प्रधानमन्त्रीसँगै उद्योग, वाणिज्य तथा आपूर्तीमन्त्री दामोदर भण्डारी, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री पदम गिरी, पूर्वमन्त्री एवं नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक, सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहलगायत निरीक्षणमा सहभागी थिए ।

## जिपलाइन उद्घाटन



**काठमाडौं (प्रस)–** उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री नारायणकाजी श्रेष्ठले कुरिनटारस्थित रिभर फन रिसोर्टमा रहेको जिपलाइन उद्घाटन गरेका छन् ।

मन्त्री श्रेष्ठले जिपलाइन उद्घाटन गर्दै अनुभव पनि लिएको कम्पनीका प्रबन्ध निर्देशक शंकर अधिकारीले जानकारी दिए । जिपलाइनको अनुभव लिँदै उनले भने, 'जिपलाइन गर्न पाउँदा नयाँ र अनौठो अनुभव भइरहेको छ ।'

करिब तीन करोड रुपैयाँ लगानीमा निर्माण भएको रिसोर्टमा एड्भेन्चर टुरिजम अन्तर्गत जिपलाइनका साथै रोप साइकलिङ, वाल क्लाइमिङ, य्याफ्टिङ, स्पिड बोटिङलगायतको सुविधा छ ।

## ७ महिनामा ३७ प्रतिशत बजेट खर्च

■ प्रभाव संवाददाता

**काठमाठौं–** चालु आर्थिक वर्ष २०७९/८० को सात महिनामा सरकारी बजेट खर्च ३७ दशमलव २२ प्रतिशत बराबर देखिएको छ ।

महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार माघ मसान्तसम्म सरकारले रू ६ खर्ब ६७ अर्ब ६५ करोड ७४ लाख बराबर बजेट खर्च गरेको हो । यो अवधिमा चालु खर्च वार्षिक विनियोजनको ४४ दशमलव ९२ प्रतिशत बराबर छ । चालु आर्थिक वर्षका लागि चालुगत शीर्षकमा रू ११ खर्ब ८३ अर्ब २३ करोड विनियोजन भएकोमा माघ मसान्तसम्म रू पाँच खर्ब ३१ अर्ब ५० करोड बराबर खर्च भएको देखिएको हो ।

पुँजीगततर्फ चालु आर्थिक वर्षका लागि रू तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख बराबर विनियोजन भएकोमा सात महिना अवधिमा वार्षिक विनियोजनको १७ दशमलव ४३ प्रतिशत अर्थात् रू ६६ अर्ब २९ करोड ८४ लाख बराबर मात्रै खर्च भएको छ ।

त्यस्तै, वित्तीय व्यवस्थापन शीर्षकमा चालु आर्थिक वर्षका लागि रु दुई खर्ब ३० अर्ब बराबर बजेट छुट्याइएकोमा वार्षिक विनियोजनको ३० दशमलव ३४ प्रतिशत बराबर खर्च भएको छ । जुन रू ६९ अर्ब ८५ करोड ८० लाख बराबर रहेको छ। वित्तीय व्यवस्थापनतर्फको बजेट सरकारी ऋणको साँवा र ब्याज तिर्नका लागि प्रयोग हुन्छ ।

यस अर्थमा चालु आवको सात महिनामा सरकारी ऋणको साँवा ब्याज भुक्तानीमा भएको खर्च भन्दा पुँजीगत खर्च कम देखिएको छ । सात महिना अवधिमा सरकारको राजस्व संकलन ३८ प्रतिशत बराबर छ। चालु आवका लागि कूल रू १४ खर्ब ५८ अर्ब ६० करोड बराबर राजस्व असुली गर्ने सरकारको लक्ष्य छ। तर माघ महिनासम्म रू पाँच खर्ब ५४ अर्ब २३ करोड ६१ लाख बराबर मात्रै राजस्व उठेको छ ।

चालु आवका लागि सरकारले रू ५५ अर्ब ४५ करोड ८३ लाख बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखेकोमा माघ मसान्तसम्ममा लक्ष्यको आठ दशमलव ६६ प्रतिशत अर्थात् रू चार अर्ब ८० करोड २० लाख बराबर अनुदान आएको छ ।

## ६ महिनामा उठाइयो साढे ५६ अर्ब ऋण

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले चालु आर्थिक वर्ष २०७९/८० को छ महिनामा ५६ अर्ब ४६ करोड रुपैयाँ ऋण उठाएको छ । सरकारको वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनका लागि खर्च बेहोर्ने मुख्य स्रोतमध्ये आन्तरिक र बाहृय ऋण परिचालन पनि हुन् ।




अर्थ मन्त्रालयले आइतबार सार्वजनिक गरेको चालु आवको बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनअनुसार सरकारले पुस मसान्तसम्म रू ३० अर्ब आन्तरिक र रू २६ अर्ब ४६ करोड बाहृय ऋण उठाएको छ ।

चालु आवका लागि सरकारले रू दुई खर्ब ५६ अर्ब बराबर आन्तरिक ऋण उठाउने लक्ष्य राखेको थियो । जसबाट वार्षिक बजेटको १४ दशमलव तीन प्रतिशत स्रोत बेहोर्ने सरकारको योजना थियो । तर गत पुस मसान्तसम्ममा सरकारले रू ३० अर्ब बराबर मात्रै आन्तरिक ऋण उठाएको छ । यो अवधिमा संघीय सरकारले लिएको आन्तरिक ऋणमध्ये रू १५ अर्बको एक वर्षे ट्रेजरी बिल, रू आठ अर्बको दुई वर्षे विकास ऋणपत्र, रू दुई अर्बको तीनवर्षे विकास ऋणपत्र र रू पाँच अर्बको चारवर्षे ऋणपत्र जारी भएका छन् । सोही अवधिमा सरकारले तिरेको आन्तरिक ऋणको साँवा ब्याज भने रू ८३ अर्ब तीन करोड बराबर छ ।

चालु आवका लागि रू ५५ अर्ब ४५ करोड ८३ लाख बराबर अनुदान र रू दुई खर्ब ४२ अर्ब बराबर बाहृय ऋण लिने सरकारको योजना थियो ।

गत पुस मसान्तसम्म सरकारले लिएको वैदेशिक अनुदानको वास्तविक प्राप्ति भने रू आठ अर्ब १२ करोड र कुल वैदेशिक ऋण २६ अर्ब ४६ करोड बराबर छ । तर सोही अवधिमा विभिन्न दातृ निकायले अनुदान सहायतातर्फ रू २३ अर्ब १२ करोड १० लाख र सहुलियतपूर्ण ऋणतर्फ रू एक खर्ब १४ अर्ब बराबर प्रतिवद्धता प्राप्त भएको अर्थ मन्त्रालयले जनाएको छ । विकास पूर्वाधार आयोजनाको कार्यान्वयन प्रभावकारी हुन नसक्दा वैदेशिक अनुदान र ऋण लक्ष्यअनुसार लिन नसकिएको अर्थ मन्त्रालयले जनाएको छ ।

'कमजोर आयोजना व्यवस्थापन तथा निर्माण व्यवसायीको ढिलासुस्तीका कारण वैदेशिक सहायतामा सञ्चालित आयोजना कार्यान्वनयमा सुस्तता आई पुँजीगत खर्च न्यून हुन गएकाले त्यसको प्रभाव विकास साझेदारले गर्ने सोझै भर्ना तथा शोधभर्ना रकममा पर्न गएको रसमीक्षा अवधिमा वैदेशिक सहायता परिचालन न्यून भएको हो,' बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनमा भनिएको छ ।

चालु आवको पहिलो तीन महिनासम्म नेपालको कुल सार्वजनिक ऋण रू २० खर्ब सात अर्ब ८४ करोड बराबर छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको पहिलो तीन महिनाको प्रतिवेदनअनुसार गत असार मसान्तको तुलनामा असोज मसान्तसम्ममा सार्वजनिक ऋण शून्य दशमलव २७ प्रतिशतले घटेको देखिन्छ । गत असार मसान्तसम्ममा नेपालको कूल सार्वजनिक ऋण रु २० खर्ब १३ अर्ब २९ करोड थियो ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार पहिलो तीन महिनामा नेपालको कुल बाहृय ऋण रू १० खर्ब ५० अर्ब २३ करोड छ भने आन्तरिक ऋण रू नौ खर्ब ५७ अर्ब ६१ करोड बराबर छ । यो आँकडा गत असार मसान्तसम्मको ऋणको अवस्थासँग तुलना गर्दा बाहृय ऋण रू २४ अर्ब ३८ करोडले बढेको र आन्तरिक ऋण रू २९ अर्ब ८३ करोडले घटेको हो ।

## भूगोल इनर्जी डेभलपमेन्ट कम्पनीको आइपिओ आउँदै

**काठमाडौं (प्रस)–** भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडले साधारण शेयरको निष्काशन तथा बिक्री खुला गर्ने भएको छ। कम्पनीले यही फागुन ८ गतेदेखि आयोजना प्रभावित क्षेत्रका बासिन्दा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि प्राथमिक सार्वजनिक निष्काशन (आइपिओ)को बिक्री खुला गर्ने भएको हो ।

कम्पनीले आफ्नो जारी पुँजी रु ५४ करोड ४० लाख ५३ हजार चार सयको १० प्रतिशत अर्थात् रु पाँच करोड ४४ लाख पाँच हजार तीन सय बराबरका प्रतिशेयर रु एक सय दरका पाँच लाख ४४ हजार ५३ कित्ता शेयर आयोजना प्रभावित क्षेत्र दैलेखका बासिन्दाका लागि निष्काशन गर्न लागेको हो ।

त्यसमा अतिप्रभावित क्षेत्र दैलेखको नौमुले द्वारी-३ का बासिन्दाका लागि दुई लाख ७२ हजार २६ कित्ता र प्रभावित क्षेत्र दैलेखको नौमुले द्वारी-३ बाहेकका बासिन्दाका लागि दुई लाख ७२ हजार २७ कित्ता छुट्याइएको छ । त्यस्तै सर्वसाधारण लगानीकर्ताका लागि छुट्याइएको शेयरको १० प्रतिशतले हुने एक लाख आठ हजार आठ सय ११ कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारमा रहेका नेपालीका लागि निष्काशन गरिने कम्पनीले जनाएको छ ।

स्थानीय लगानिकर्ताले शेयर खरिदका लागि न्यूनतम १० कित्तादेखि अधिकतम ३० हजार कित्तासम्म आवेदन दिन सक्नेछन् । त्यसमा आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन बन्द छिटोमा यही फागुन २५ गते हुनेछ भने ढिलोमा आगामी चैत ७ मा हुने कम्पनीले जनाएको छ । वैदेशिक रोजगारीमा रहेका नेपालीले अधिकतम ३० हजार कित्ताका लागि यही फागुन २५ गतेभित्र आवेदन दिनुपर्ने छ ।

स्थानीय बासिन्दाले आयोजनास्थलमा रहेको कम्पनीको कार्यालय, एनआइसी एशिया बैंक, प्रभु बैंक र ग्लोबल आइएमइ बैंकले तोकिएका शाखा कार्यालयबाट आवेदन दिन सक्नेछन् । त्यस्तै वैदेशिक रोजगारीमा रहेका नेपालीले आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालय तथा अनलाइनबाट 'मेरो शेयर'मार्फत आवेदन दिन सकिने कम्पनीले जनाएको छ ।

कम्पनीको शेयर निष्काशन तथा बिक्री प्रबन्धक एनआइसी एशिया क्यापिटल लिमिटेड रहेको छ । कम्पनीलाई इक्रा नेपालले 'इक्रा एनपी इस्युअर रेटिङ बी माइनस' प्रमाणपत्र प्रदान गरेको छ। कम्पनीले दैलेखको नौमुले-३ मा तीन दशमलव ७५ मेगावाट क्षमताको द्वारी खोला जलविद्युत् आयोजना निर्माण सम्पन्न गरी २०७४ वैशाख २३ देखि सञ्चालनमा आइसकेको छ । आयोजनाको कूल लागत रु ७३ करोड १९ लाख ७८ हजार आठ सय आठ रहेको कम्पनीले जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ